सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ चैत २०८०, सोमबार (18 Mar 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

४२ महिनामा २१४१ को हत्या, महिला ८०१

हत्याका अधिकांश घटनामा आफन्त नै संलग्न, पीडित हुने महिलाको संख्या धेरै

(विस्तृत पृष्ठ ३)

पोखरा बन्यो पर्यटकीय राजधानी

अब चौबिसै घण्टा खुला आगामी पाँच वर्षमा एक खर्ब लगानी थपिने विश्वास

(विस्तृत पृष्ठ ६)



भन्सार कटेपछि मात्रै समातिन्छन् तस्करीका सामान

भन्सारमा खटिने कर्मचारी र सशस्त्र प्रहरीको तस्करहरूसँग मिलेमतो हुने गरेको आरोपलाई बल पुऱ्याउने सरकारी तथ्यांक : **०७५/७६ देखि**

यो माघसम्म दर्ता भएका तस्करीका ७४ हजार २७२ मुद्दामध्ये ८३ प्रतिशत भन्सारबाहिरबाट खटिएका सुरक्षाकर्मीको टोलीबाट दर्ता

पवन तिमिल्सिना / नयाँ पत्रिका

बरामद गरिएका तस्करीका अधिकांश सामान भन्सारबाट छुटेपछि मात्रै समातिने गरेका छन् । चालू आर्थिक वर्षको सात महिनामा देशभरका नाकाबाट आठ हजार ८३७ तस्करीका मुद्दा भन्सार कार्यालयमा दर्ता भएका छन् । तर, तीमध्ये ४०९ अर्थात् ४.६२ प्रतिशत मुद्दा मात्रै भन्सारबाट खटिएका कर्मचारी र सशस्त्र प्रहरीको टोलीले बरामद गरेका हुन् ।

अर्थ मन्त्रालयको यो तथ्यांकले भन्सारबाट खटिने कर्मचारी र सशस्त्रको टोलीले तस्करहरूसँग मिलेमतो गर्ने गरेको भनी लाग्दै आएको आरोपलाई थप बल पुऱ्याएको छ । नाकामा तस्करी रोक्न भन्सार कर्मचारीसँगै सशस्त्र प्रहरी पनि परिचालन हुन्छ । तर, तस्करहरूले नाका छलेर आएपछि मात्रै भन्सारबाट खटिनेबाहेकका सुरक्षाकर्मीले ठूलो परिमाणमा तस्करीका सामान बरामद गर्ने गरेका छन् ।


पछिल्लो सात महिनामा भन्सार कर्मचारीको टोलीले ४०७ र भन्सार गस्तीमा खटिएका सशस्त्र प्रहरीको टोलीले बरामद गरेका दुईवटा घटना मात्रै भन्सारमा मुद्दाका रूपमा दर्ता भएको अर्थ मन्त्रालयको तथ्यांक छ । जब कि यही अवधिमा भन्सारबाट खटिएकोबाहेक सशस्त्र प्रहरीले पाँच हजार ५२७ र नेपाल प्रहरीले दुई हजार ८९९ मुद्दा दर्ता गराएका छन् । त्यस्तै, उजुरीबाट बरामद दुई मुद्दा दर्ता भएका छन् । कुल मुद्दामध्ये सशस्त्रले ६२.५४% र नेपाल प्रहरीले ३२.८०% दर्ता गराएका हुन् ।


ठूलो परिमाणमा सुनलगायतका वस्तु भन्सार छली सकेपछि मात्र पक्राउ पर्नुले भन्सारका कर्मचारी र त्यहाँ खटिने सुरक्षाकर्मीमाथि नै प्रश्न उठेको नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल

» पृष्ठ २ मा क्रमशः

■ ०७५/७६ देखि ०८०/८१ माघसम्म तस्करीका मुद्दा

विगतका पाँच वर्ष र चालू आर्थिक वर्षको माघसम्म नौ अर्ब ६९ करोड २ लाख ६२ हजार रुपैयाँका ७४ हजार २७२ मुद्दा दर्ता हुँदा भन्सारबाट दुई अर्ब ३८ करोड ३ लाखका १० हजार ७२ मुद्दा मात्रै





■ चालू आवको माघसम्म मात्रै एक अर्ब २४ करोड ७७ लाखबराबरका मुद्दा दर्ता

चालू आर्थिक वर्षको माघसम्मको सात महिनामा एक अर्ब २४ करोड ७७ लाख ३६ हजारबराबरका आठ हजार ८३७ तस्करीका मुद्दा दर्ता भएका छन् । जसमा भन्सार कर्मचारीले २६ करोड २८ लाख ३२ हजारका ४०७ र भन्सार राजस्व गस्तीमा खटिएको सशस्त्र प्रहरीले ३ लाख ९५ हजार रुपैयाँबराबरका दुई मुद्दा मात्रै दर्ता गराएका छन् । तर, भन्सारबाहिरबाट खटिएको सशस्त्रबाट ३५ करोड ३४ लाख ९३ हजारका पाँच हजार ५२७ र नेपाल प्रहरीबाट ६३ करोड ९ लाख २४ हजार रुपैयाँबराबरका दुई हजार ८९९ मुद्दा दर्ता भए । यसबाहेक उजुरीबाट पनि ६२ हजारबराबरका दुई मुद्दा दर्ता भएका छन् ।

०७५/७६ देखि ०७९/८० सम्म भन्सार कर्मचारीको पहलमा औसत ६.९% मुद्दा मात्रै दर्ता भएका छन् । त्यस्तै, भन्सारको गस्तीमा खटिएका सशस्त्र प्रहरीले औसत ८.३५% मुद्दा दर्ता गराएका छन् । भन्सारमा खटिनेबाहेकका सशस्त्र प्रहरीले वर्षमा औसत ४५.२५% र नेपाल प्रहरीले ३७.६५% मुद्दा दर्ता गराउँदै आइरहेको अर्थ मन्त्रालयको तथ्यांक छ ।

०७९/८० मा १४ हजार ९७३ मुद्दा दर्ता भएकोमा कर्मचारीबाट ८२६ र भन्सार गस्तीमा खटिएका सशस्त्रबाट दुई हजार ६९८ मुद्दा दर्ता भएको थियो । भन्सारबाट खटिएकाबाहेकका सशस्त्रले ६ हजार ४२८ र नेपाल प्रहरीले पाँच हजार १८ मुद्दा दर्ता गरेका छन् । त्यस्तै, ०७८/७९ मा दर्ता भएका १४ हजार ५६६ मुद्दामध्ये कर्मचारीबाट ९१८ र गस्तीमा खटिएको सशस्त्रबाट २४५ मुद्दा दर्ता भएका थिए । भन्सारबाहेकका सशस्त्रबाट आठ हजार ३७८ र प्रहरीबाट पाँच हजार १९ मुद्दा दर्ता भएका थिए ।

०७७/७८ मा दर्ता भएका १७ हजार २३१ मुद्दामध्ये कर्मचारीबाट ९९३ र भन्सार गस्तीका सशस्त्रबाट ४६३ मुद्दा दर्ता भए । भन्सारबाहेकका सशस्त्रबाट सात हजार ६५८ र प्रहरीबाट ६ हजार ९९८ मुद्दा दर्ता भएको तथ्यांक छ । त्यस्तै, ०७६/७७ मा दर्ता भएका १० हजार ८२ मुद्दामध्ये कर्मचारीले ४९१ र गस्तीका सशस्त्रले ९९० मुद्दा दर्ता गराएका थिए । भन्सारबाहेकका सशस्त्रले चार हजार ३१३ र प्रहरीले चार हजार २६९ मुद्दा दर्ता गराए । त्यस्तै, ०७५/७६ मा कुल नौ हजार ६८२ मुद्दा दर्ता भएकोमा कर्मचारीबाट एक हजार १३१ र गस्तीका सशस्त्रबाट ९०८ मुद्दा दर्ता भए । भन्सारबाहेकका सशस्त्रबाट तीन हजार ४४५ र नेपाल प्रहरीबाट तीन हजार ३७७ मुद्दा दर्ता भए । यो आवमा उजुरीबाट बरामदका ८२१ मुद्दा दर्ता भएको सरकारी तथ्यांक छ ।

कर्मचारी र सशस्त्रको मिलेमतोको आशंकालाई बल पुगेको छ

● **हेमन्त मल्ल ठकुरी**, पूर्वडिआइजी, नेपाल प्रहरी



ठूला तस्करीका घटनामा वेलाबखत हाइप्रोफाइल नेता र व्यवसायी मुछिने गर्छन् । भन्सारमा सरुवा गराउन पनि त्यस्तै व्यक्तिहरूको लबिङ चल्ने गरेको छ । भन्सारलाई वास्तवमै कडाइ गर्ने हो भने ठूला व्यवसायी र राजनीतिक पहुँचबाट टाढा राखेर कर्मचारी खटाउन सक्नुपर्छ । अहिलेसम्म तस्करीका अधिकांश सामान नाका छलेर भित्र आएको अवस्थामा मात्रै समातिएको सुनिन्छ । भन्सारमा खटिनेबाट बरामद नहुने, तर बाहिरबाट गएको टोलीले जफत गर्ने गरेको छ । यसले भन्सारमा खटिएका कर्मचारी तथा त्यहाँका सशस्त्र प्रहरीले गर्ने मिलेमतोको आशंकालाई बल पुगेको छ ।

भन्सारको ग्रिन र एल्लो जोनको फाइदा तस्करले उठाउँछन्

● **रामशरण पुडासैनी**, पूर्वराजस्वसचिव



भन्सार विभागले जोखिमको आधारमा वस्तुहरूलाई रातो, हरियो र पहेँलो गरी तीन भागमा छुट्याउने गरेको छ । विभागका उपमहानिर्देशकको नेतृत्वमा रहेको संयन्त्रले हरेक दिन रेड, ग्रिन र एल्लो जोनमा पर्ने वस्तु निर्धारण गरिरहेको हुन्छ । जसको सूचना गोप्य राखिन्छ । तर, निकै चलाखीपूर्ण तरिकाले तस्करीका सामान ग्रिन जोनको सामानसँगै जाँचपास हुने र सूचनाका आधारमा बाहिरका सुरक्षाकर्मी वा राजस्व अनुसन्धान विभागका कर्मचारीहरूले बरामद गर्दै आइरहेका छन् । रेड जोनमा परेका वस्तुको शतप्रतिशत जाँचपास हुन्छ । ग्रिन जोनमा परेका वस्तुको आंशिक जाँचपास हुन्छ भने एल्लो जोनमा परेका वस्तुलाई सामान्य सोधपुछ वा कागजातका आधारमा प्रवेश गराइन्छ । यही ग्रिन र एल्लो जोनको फाइदा बढी तस्करले उठाउने गर्छन् ।

०७२ को भूकम्पमा कानुनविपरीत किनिएका त्रिपालको साढे सात करोड भुक्तानी नहुने



■ आठ वर्षदेखिको विवाद निरुपण गर्दै सहरी विकास मन्त्रालयले भन्यो-

खरिद प्रक्रिया प्रचलित कानुनबमोजिम नभएकाले भुक्तानी गर्न सकिने अवस्था रहेन

सुवास भट्ट / नयाँ पत्रिका

१२ वैशाख ०७२ मा गएको भूकम्पमा आपत्कालीन व्यवस्थापनका लागि खरिद गरेको दाबी गरिएको करिब साढे सात करोड रुपैयाँबराबरका त्रिपालको भुक्तानी नहुने भएको छ । खरिद सम्झौता नभएको, बिलबिजकको आधिकारिकता पुष्टि हुन नसकेको तथा सामग्री खरिद प्रक्रिया नै कानुनबमोजिम नपाइएकाले सहरी विकास मन्त्रालयले भुक्तानी दिन नसकिने निर्णय गरेको छ ।

खरिद गरिएको भनिएको २७ हजार सात सय थान त्रिपालको बिलबिजक, खरिद सम्झौता र स्टोर दाखिला केही पनि नभएको देखिन्छ । यति ठूलो परिमाणमा खरिद गरिएको भनिएको त्रिपालको भुक्तानीका लागि टेक्ने कानुनी आधार नभेटेपछि अन्ततः मन्त्रालयले भुक्तानी गर्ने नसकिने निर्णय गरेको हो ।

आपत्कालीन अवस्था देखाएर सहरी विकास मन्त्रालयको तत्कालीन नेतृत्वले त्रिपाल खरिदको प्रक्रिया अघि बढाएको थियो । लिखित निर्णय, क्षेत्राधिकार

» पृष्ठ २ मा क्रमशः

खरिदमै गडबड

त्रिपाल खरिदमा अनियमितता भएको आवाज उतिखेरै उठेको थियो । खरिद प्रक्रियामा भ्रष्टाचार भएको आरोपमा अख्तियारले २० भदौ ०७२ मा विशेष अदालतमा मुद्दा नै दायर गरेको थियो ।

मिलेमतोमा कम परिमाणमा त्रिपाल आपूर्ति गरेको, न्यून गुणस्तर तथा सानो आकारको त्रिपाल खरिद गरिएको र गैरकानुनी रूपमा त्यसको भुक्तानी गर्न लागेको आरोपमा अख्तियारले विभिन्न चार आपूर्तिकर्ता कम्पनीसहित कर्मचारीहरूविरुद्ध मुद्दा दायर गरेको थियो । खरिद कारबाहीमा अनियमितता भएको दाबीसहित अख्तियारले कर्मचारी र आपूर्तिकर्ताविरुद्ध मुद्दा दायर गरेको थियो । तर, तत्कालीन अवस्थामा भुक्तानी भइनसकेकाले अनियमितता भएको नदेखिएको आधारमा अदालतले आरोपित सबैलाई सफाइ दियो ।


उक्त त्रिपाल उच्चपदस्थ र सांसदहरूबीच नै खोसाखोसको भएको घटना पनि त्यतिबेला चर्चाको विषय बनेको थियो । वास्तविकतामा त्रिपाल खरिद भए पनि विशेष अवस्थामा खरिद गर्दा व्यवसायीबाट कोटेसन लिएको, वस्तुको स्पेसिफिकेसन, द्विपक्षीय सम्झौता, सामान प्राप्त गरेको, स्टोर दाखिला, सामान वितरण भएको भर्पाई, बिलबिजकलगायत केही पनि भेटिएको छैन । यसक्रममा कर कानुन, खरिद कानुन र आर्थिक उत्तरदायित्व तथा वित्तीय उत्तरदायित्व ऐनका व्यवस्थाहरू पनि नअपनाई जथाभावी रूपमा त्रिपाल खरिद गरिएका थिए । जब कि मन्त्रिपरिषद्को निर्णयपछि १९ गतेपछि खरिद गरिएका त्रिपालको भन्डै ६५ करोड रुपैयाँ भुक्तानी भइसकेको छ । कानुनबमोजिम खरिद भएकाले त्यसमा हालसम्म प्रश्न उठेको छैन ।

त्रिपाल किनेको सात वर्षपछि भुक्तानीको बिल !

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पुल्चोक मन्त्री क्वार्टर अब न्यायाधीशनिवास

न्यायाधीशहरूलाई एकै क्षेत्रमा राख्दा न्याय सम्पादनमा सहज तथा स्वतन्त्र वातावरण हुने, सुरक्षामा सहजता हुने र बाहिरी व्यक्तिसँग अनावश्यक सम्पर्क पनि नहुने विश्वास



शिवहरि घिमिरे / नयाँ पत्रिका

मन्त्री क्वार्टर भैंसेपाटी स्थानान्तरण गरेर सरकारले पुल्चोकमा रहेको क्वार्टरलाई सर्वोच्च अदालतका न्यायाधीशहरूको निवास बनाउने तयारी थालेको छ । सर्वोच्च अदालतले सरकारसँग न्यायाधीशका लागि क्वार्टर माग गरेपछि मन्त्री क्वार्टरलाई न्यायाधीशहरूको निवास बनाउने प्रक्रिया अगाडि बढाएको हो ।

» पृष्ठ २ मा क्रमशः

जनमतले फिर्ता बोलायो सांसद सापकोटालाई

काठमाडौं / जनमत पार्टीले समानुपातिक सांसद गोमा लाभ सापकोटालाई फिर्ता बोलाएको छ । सापकोटाले पार्टी हितविपरीत काम गरेको भन्दै १४ फागुनमा फिर्ता बोलाउने निर्णय गरेर जनमत संसदीय

» पृष्ठ २ मा क्रमशः



गोमा लाभ सापकोटा



०७२ को भूकम्प...

पृष्ठ १ बाट क्रमशः

र कानुनी प्रक्रिया ख्यालै नगरी मौखिक निर्देशनका आधारमा मन्त्रालयका कर्मचारीले त्रिपाल खरिद अघि बढाएका थिए । त्यतिबेला मन्त्रालयको सचिवमा अर्जुन कार्की थिए । उनले सार्वजनिक खरिद कानुनको आधारभूत व्यवस्था पनि पालना नगरी खरिदको समर्थन गरेको देखिन्छ । कतिसम्म भने १२ गते भूकम्प गएपछि मन्त्रालयले १३, १४ र १५ गते विभिन्न चार आपूर्तिकर्ताबाट त्रिपाल खरिद गरेको देखाइएको छ । जब कि मन्त्रिपरिषद्ले १७ गते मात्र त्रिपाल खरिदका लागि मन्त्रालयलाई अख्तियारी दिने निर्णय गरेको थियो । आपत्कालीन राहत वितरण सीधै आफ्नो कार्यक्षेत्रमा नपर्ने अवस्थामा मन्त्रिपरिषद्को निर्णयअगावै मन्त्रालयले मौखिक आदेशका भरमा त्रिपाल खरिदको प्रक्रिया अघि बढाउनु नै उपयुक्त देखिँदैन । मन्त्रालय स्रोतका अनुसार उक्त परिमाणको त्रिपाल खरिद कानुनबमोजिम देखिएको छैन । 'खरिद नै कानुनबमोजिम नभएपछि कानुनबमोजिम भुक्तानी गर्न सकिने कुरै भएन,' स्रोतले भन्यो ।

त्रिपाल किनेको सात वर्षपछि भुक्तानीको बिल !

आफूले त्रिपाल खरिद गरेर वितरण गरेको दाबी गर्दै पाँच आपूर्तिकर्ता कम्पनी लक्की एएस इन्टरप्राइजेज, माता इन्टरप्राइजेज, दीपकिरण प्रिन्टिङ एन्ड ट्रेडर्स, अजय शुभ ट्रेडर्स र इन्टरटेक तारपोलिन्सले पटक-पटक मन्त्रालयमा निवेदन दिइरहे । मन्त्रालयले भुक्तानी दिन अस्वीकार गरेपछि इन्टरटेक तारपोलिन्सबाहेक चार कम्पनी मन्त्रालयविरुद्ध रिट लिएर उच्च अदालत पाटन गएका थिए । अदालतले बिलबिजकको आधिकारिकतासमेत परीक्षण गरी शीघ्र भुक्तानी गर्न ९ चैत ०७८ मा आदेश जारी गरेको थियो ।

यसपछि पाँचमध्ये ठूला तीन आपूर्तिकर्ता कम्पनीले २२ माघ ०७९ मा आएर बिलबिजक जारी गरे । अर्थात् भन्डै सात वर्षपछि ०७२ मा खरिद गरिएका त्रिपालको खरिद बिल बने । बाँकी दुईमध्ये अजय शुभ ट्रेडर्सले १७ वैशाख ०७२ र इन्टरटेक तारपोलिनले १४ वैशाख ०७२ को बिजक जारी गरेका थिए । अजयले भ्याटसहित तीन लाख ३८ हजार र इन्टरटेकले २९ लाख २७ हजार रुपैयाँको बिजक जारी गरेका छन् ।

अदालतले बिलबिजकको आधिकारिकता हेरेर भुक्तानी गर्न भनेपछि मन्त्रालयले बिलबिजकको आधिकारिकतासमेत परीक्षण गरेको थियो । बिलबिजक परीक्षण गर्ने क्रममा आन्तरिक राजस्व विभागले ०७२ मा भएको कारोबारको बिलबिजक ०७९ मा जारी गर्नु गलत हुने भन्दै प्रश्न उठाएको छ । तीनवटाको बिल आधिकारिक नभएको, एउटाको बिलबिजक ठीक भए पनि खरिद प्रक्रिया नमिलेको देखिएको छ भने एउटा अदालती प्रक्रियाबाहिरै छ । ०७२/७३ मा तीनवटैले सहरी विकास मन्त्रालयलाई कुनै पनि बिक्री गरेको नदेखिएको तथा चार करोड रुपैयाँसम्म कारोबार गर्नेको वर्षभरिको कारोबार अत्यन्त न्यून देखिएको भन्दै आन्तरिक राजस्व विभागले प्रश्न उठाएको थियो ।

यसबीचमा उच्च अदालत पाटनले आफ्नो आदेश कार्यान्वयन नगरेको भन्दै मन्त्रालयका तत्कालीन सचिव (हाल अवकाश) रवीन्द्रनाथ श्रेष्ठ, लेखा प्रमुख हिरा न्यौपाने र स्टोरकिपर युवराज गिरीलाई पाँच सय जरिवानासमेत तिराएको थियो । पटकपटक मानहानी खेपेर पनि मन्त्रालयका अधिकारीहरू भविष्यमा भ्रष्टाचार मुद्दा लाग्ने त्रासले भुक्तानी दिन तयार भएनन् ।

अदालतले बिलबिजकको आधिकारिकता हेरेर भुक्तानी गर्न आदेश गरेपछि मन्त्रालयले २२ माघ ०७९ मा मन्त्रीस्तरीय निर्णयबमोजिम सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशकको संयोजकत्वमा अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयका प्रतिनिधिसहितको समिति गठन गरेको थियो । विभिन्न अवरोधबीच समितिले एक वर्षपछि गत २३ माघमा प्रतिवेदन पेस गरेको थियो । समितिले प्रचलित कानुनबमोजिम भुक्तानी गर्न सकिने अवस्था नरहेको निष्कर्षसहितको प्रतिवेदन दिएको छ ।

अदालतको समयसीमा र समितिको प्रतिवेदनपछि अन्ततः मन्त्रालयले टुंग्यायो

आठ वर्षअघि भएको खरिदको भुक्तानीको विषय लामो समयदेखि अल्झिरहेको सन्दर्भमा पाटन उच्च अदालतले यस सम्बन्धमा परेको मुद्दाको अन्तिम निचोड दिँदै गत २७ भदौमा फैसला गरिदियो । फैसलामा अदालतले बिलबिजकको आधिकारिकता यकिन गर्नुपर्ने, निवेदकले आपूर्ति गरेको त्रिपालको वास्तविक परिमाण यकिन गर्नुपर्ने, त्रिपालको गुणस्तरसमेत जाँचबुझ गरी आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्ने रकम यकिन गरी भुक्तानी विषय टुंग्याउन भनेको थियो । अदालतले त्रिपालको भुक्तानी सम्बन्धमा आदेश प्राप्त गरेको दुई महिनाभित्र निर्णय गरी भुक्तानी दिन/दिलाउन भनेको थियो । अदालतले एकातिर आधिकारिकता हेर्न भनेको छ भने भुक्तानी पनि गर्न भनेको छ ।

टेक्ने कानुनी आधार र बिलबिजक आधिकारिकतासमेत नभेटिएको अवस्थामा आधिकारिकता परीक्षण गरी समयसीमा तोकेर अदालतले 'भुक्तानी दिनू' भन्ने अमूर्त फैसला गरेपछि उक्त फैसला त्रुटिपूर्ण रहेको भन्दै अहिले मन्त्रालय सर्वोच्च अदालत पुगेको छ । उच्च अदालतको उक्त फैसलामा विरुद्ध मन्त्रालय निवेदन लिएर सर्वोच्च गएको हो । गत १६ फागुनमा मन्त्रालयले उक्त निवेदन सर्वोच्चमा दर्ता गरेको छ । यो निवेदन अहिले अदालतमा विचाराधीन छ ।

यसैबीचमा गत २७ भदौमा भएको उच्च अदालतको फैसलाको पूर्णपाठ गत ४ माघमा प्राप्त गरेपछि फैसलाले तोकेको सीमाबमोजिम मन्त्रालयले समितिसमेतको सिफारिसका आधारमा दुई महिनाभित्रै भुक्तानीको विषय टुंग्याएको छ । शुक्रबार मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै 'प्रचलित कानुन (कर कानुन, सार्वजनिक खरिद कानुन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन) बमोजिम खरिद गरेको नपाइएकाले प्रचलितबमोजिम भुक्तानी गर्ने अवस्था नरहेको' भन्ने व्यहोराको निर्णय गरेको छ । यससँगै आठ वर्षदेखिको विवादित विषय मन्त्रालयले टुंग्याएको छ । सर्वोच्च अदालतमा विचाराधीन रहेको विषयमा भने फैसलापछि सोहीबमोजिम गर्ने मन्त्रालय स्रोत बताउँछ । 'तर, भुक्तानी गर्नुपर्ने कुनै पनि कानुनी आधार छैनन्,' मन्त्रालय स्रोत भन्छ, 'सम्मानित अदालतले यसलाई मनन गर्ने नै छ ।'

भन्सार कटेपछि...

पृष्ठ १ बाट क्रमशः

ठकुरीले बताए । 'अहिलेसम्म जति पनि सुन तस्करी वा अरू चोरी पैठारीका घटना सुनिन्छन्, तीमध्ये अधिकांश सामान नाका छलेर भित्र आएको अवस्थामा मात्रै समातिएको सुनिन्छ,' उनले भने, 'भन्सारमा खटिनेबाट बरामद नहुने, तर बाहिरबाट गएको टोलीले जफत गर्ने गरेको छ । यसले भन्सारमा खटिएका कर्मचारी तथा त्यहाँका सशस्त्र प्रहरीले गर्ने मिलेमतोको आशंकालाई बल पुगेको छ ।'

गत २ साउनमा ६१ किलो तस्करीको सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार जाँचपास भएर बाहिर निस्किएपछि राजस्व अनुसन्धान विभागको टोलीले बरामद गरेको थियो । मोटरसाइकलको 'ब्रेक-सु'मा राखी तस्करले सुन भित्र्याएका थिए । यो प्रकरणमा पछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले २९ जनाविरुद्ध मुद्दा चलाएको थियो । सिआइबीको अनुसन्धानले भन्सार/प्रशासन र तस्करबीचको साँठगाँठबाट तस्करी भएको निष्कर्ष निकाल्दै भन्सार कार्यालयका कर्मचारीविरुद्ध पनि मुद्दा चलाएको थियो ।

तस्करीका मुद्दामा भन्सारमा खटिएका कर्मचारी र सुरक्षा निकायलाई जवाफदेही बनाउन नसक्दा तस्करी मौलाउने गरेको पूर्वडिआइजी ठकुरीले बताए । त्यसबाहेक राजनीतिक पहुँचका आधारमा नाकामा कर्मचारी र सुरक्षाकर्मी खटाउने कार्यले पनि मलजल गरेको उनको बुझाइ छ । 'ठूला तस्करीका घटनामा वेलाबखत हाइप्रोफाइल नेता र व्यवसायी मुछिने गर्छन् । त्यस्तै, भन्सार नाकामा सरुवा गराउन पनि यस्तै उच्च तहका व्यक्तिहरूको लबिङ चल्ने गरेको छ । भन्सारलाई वास्तवमै कडाइ गर्ने हो भने ठूला व्यवसायी र राजनीतिक पहुँचबाट टाढा राखेर कर्मचारी खटाउन सक्नुपर्छ,' उनले भने ।

गत १२ माघमा अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागले गरेको कार्यक्रममा तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले नयाँ प्रविधिको प्रयोगमा भन्सार प्रशासक नै उदासीन रहेको टिप्पणी गरेका थिए । नयाँ प्रविधिलाई आत्मसात नगर्ने प्रवृत्ति त्याग्नुपर्ने उनको भनाइ थियो ।

०६२ मा चीन सरकारले अनुदानमा दिएका २५ मिलियन अमेरिकी डलरबराबरका दुईवटा भेहिकल स्क्यानर प्रयोगमा ल्याइएको छैन । एउटा मेसिन वीरगन्ज भन्सार र अर्को त्रिभुवन विमानस्थलमा थन्क्याएर राखिएको छ । दक्ष प्राविधिक नभएकाले यी उपकरण प्रयोगमा ल्याउन नसकेका भन्सार अधिकारीहरूको भनाइ छ । त्यस्तै, रसुवाको टिमुरे भन्सार कार्यालयमा रहेको एक्सरे मेसिन पनि थन्किएर बसिरहेको छ । नयाँ प्रविधि भित्र्याउन इच्छा नदेखाउने र उपलब्ध प्रविधिको समेत प्रयोग नगर्ने प्रवृत्तिले भन्सारमा हुने मिलेमतोको आशंकालाई बल पुऱ्याइरहेको राजस्वका पूर्वप्रशासकहरूको भनाइ छ ।

पूर्वराजस्व सचिव रामशरण पुडासैनीका अनुसार आयातकर्ताले कुनै पनि सामान ल्याउँदा स्वघोषणा गरेर ल्याउने प्रणालीको फाइदा केही तस्कर समूहले उठाएका छन् । उनको अनुभवमा अधिकांश तस्करीका घटनामा आयातकर्ताले गलत घोषणा गरि भित्र्याएका सामान नै सजिलै प्रवेश पाउने गरेका छन् । 'भन्सार विभागले जोखिमको आधारमा वस्तुहरूलाई रातो, हरियो र पहेलो गरि तीन भागमा छुट्याउने गरेको छ । यसमा आयातकर्ताले घोषणा गरेका आधार बढी तस्करी हुन सक्ने वस्तु, ठूलो परिमाण वा बढी मूल्यका वस्तुलाई जोखिम बढी हुने हिसाबले रेडजोनमा राखिन्छ । यस्तो समूहमा परेका वस्तुको शतप्रतिशत जाँचपास हुन्छ,' उनले भने, 'हरियो (ग्रिन) जोनमा परेका वस्तुको आंशिक जाँचपास हुन्छ भने पहेलो जोनमा परेका वस्तुलाई सामान्य सोधपुछ वा कागजातका आधारमा प्रवेश गराइन्छ । यहीँ ग्रिन र एल्लो जोनको फाइदा बढी तस्करीले उठाउने गर्छन् । कम मूल्यका वस्तु, शून्य महसुलका वस्तु वा खाद्यान्नलाई अरू ग्रिन र एल्लो जोनमा राख्ने चलन छ ।'

भन्सार विभागका उपमहानिर्देशकका नेतृत्वमा रहेको एउटा संयन्त्रले हरेक दिन रेड, ग्रिन र एल्लो जोनमा पर्ने वस्तु निर्धारण गरिरहेको हुन्छ । जसको सूचना गोप्य राखिन्छ । तर, निकै चलाखीपूर्ण तरिकाले तस्करीका सामान ग्रिन जोनको सामानसँगै जाँचपास हुने र सूचनाका आधारमा सुरक्षाकर्मी वा राजस्व अनुसन्धान विभागका कर्मचारीहरूले बरामद गर्दै आइरहेको पूर्वसचिव पुडासैनीले बताए । छिटपुटका घटनामा भन्सारमा खटिएका कर्मचारीहरूको मिलेमतो हुने घटनालाई सामान्यीकरण गर्न नहुने उनको तर्क छ ।

जनमतले फिर्ता...

पृष्ठ १ बाट क्रमशः

दलले संसद् सचिवालयमा जानकारी गराएको थियो । सापकोटालाई सांसदबाट फिर्ता बोलाउने निर्णय भएकाले पदमुक्त गरी सभामा जानकारी गराउन अनुरोध गर्दै आएको पत्रका सम्बन्धमा सभामुख देवराज घिमिरे अध्ययनमा छन् ।

जनमत पार्टीका प्रवक्ता शरद यादवले पार्टीको हितविपरीत काम गरेकाले सापकोटालाई अनुशासन समितिले कारबाही गरेर सांसद पदबाट फिर्ता बोलाउने निर्णय गरेको बताए । कारबाहीका लागि संसद् सचिवालयमा पत्राचार गरिएको उनको भनाइ छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले सापकोटालाई फिर्ता बोलाएको पत्र प्राप्त भएको र सभामुखले अध्ययन गरेर निर्णय लिने बताए ।

महात्तरीको मडै निवासी सापकोटालाई जनमतले ४ मंसिर ०७९ को निर्वाचनमा समानुपातिकतर्फ खसआर्य महिला कोटामा सांसद बनाएको थियो । पार्टीको निर्णयका आधारमा सभामुखबाट सापकोटा पदमुक्त भएमा उनको ठाउँमा खसआर्य महिला कोटाबाट काठमाडौंकी नीता नेपाल (घिमिरे) समानुपातिक सांसद बन्नेछिन् । निर्वाचन आयोगमा बुझाएको बन्दसूचीमा सापकोटापछि घिमिरेको नाम छ ।

सांसद सापकोटाले स्वकीय सचिव नियुक्तिको विवादमा आफूलाई पार्टीले कारबाही गरेर अन्याय गरेको प्रतिक्रिया दिइन् । 'पार्टीले एउटा स्वकीय सचिव राख्न भन्यो । मैले आफूलाई सहयोगी हुने खालको राखैं । त्यसपछि एकैपटक कारबाही गरियो । कारबाहीको चिठी पठाएको जानकारी थिएन । आइतबार सभामुखलाई भेटेर जानकारी लिएँ,' उनले भनिन् । पार्टीले आफ्नो विचार नसोधी, पार्टीमा छलफल नगराई एकलौटी निर्णय लिएकोमा उनले आपत्ति जनाएकी छिन् । 'मैले नगरेको कुरालाई गल्ती गऱ्यो भनेको छ, म यसको विरोध गर्छु । अब के गर्ने भन्ने सल्लाहमा छु,' उनले भनिन् । तर, जनमत पार्टीका प्रवक्ता यादवले भने सापकोटालाई स्पष्टीकरणको मौका दिएर, अध्यक्षसँग छलफल गरेर नै निर्णयमा पुगेको दाबी गरे ।

सापकोटाका अनुसार स्वकीय सचिवको विवाद वैशाखदेखि सुरु भएको हो । अरू सांसद जस्तै आफ्नो स्वकीय सचिव उनले आफैं राखिन् । सुनिलकुमार भालाई स्वकीय सचिव राखेपछि पार्टीले आपत्ति जनायो । पार्टीले भनेकोलाई स्वकीय सचिव राख्नुपर्ने विषयलाई सापकोटाले वास्ता गरिनन् । ३० वैशाखमा उनलाई पार्टीको निर्देशन नमानेको, फुटाउने कोसिस गरेको आरोप लगाएर पहिलो स्पष्टीकरण आयो, उनले जवाफ दिइन् । एक महिनापछि २७ जेठमा उस्तै खालको अर्को स्पष्टीकरण आयो, फेरि जवाफ दिइन् । त्यसपछि पार्टीले उनलाई बोलाएर राखेको स्वकीय सचिव हटाएर पार्टीले भनेको राख्न निर्देशन दियो । निर्देशन मानेर सापकोटाले १ असारमा अशोककुमार साहलाई स्वकीय सचिव नियुक्त गरिन् । पाँच महिनासम्म तलब बुझेका साहले सापकोटालाई अपेक्षित सहयोग गरेनन्, अधिकांश समय सम्पर्कमा रहेनन् । त्यहीबीच बिरामी परेकी सापकोटा टिचिङ अस्पताल भर्ना भइन् । गम्भीर बिरामी भएकाले हेरचाह गर्ने सहयोगी चाहियो । साह सम्पर्कमा आएनन् । उनले कात्तिकमा पार्टीमा चिठी लेखिन्, पार्टीले राखेको स्वकीय सचिवले सहयोग गरेन, अर्को राख्छु भनेर । तर, पार्टीले स्वास्थ्य खराब छ भने राजीनामा दिनू भनेको सापकोटाको दाबी छ । सापकोटाले मंसिरमा नयाँ स्वकीय सचिव राखिन् । तर, त्यसको तलब सबै पार्टीले माग्यो ।

पुल्चोक...

पृष्ठ १ बाट क्रमशः

सहरी विकास मन्त्रालयले आगामी असारसम्म भैंसेपाटीको नयाँ क्वार्टरमा मन्त्रीहरूलाई सार्ने तयारी गरिरहेको छ । त्यसलगतै पुल्चोकमा सर्वोच्चका न्यायाधीशहरूलाई राखिनेछ । न्यायाधीशहरूलाई एकै क्षेत्रमा राख्दा न्याय सम्पादनमा सहज तथा स्वतन्त्र वातावरण हुने, सुरक्षामा सहजता हुने र बाहिरी व्यक्तिसँग अनावश्यक सम्पर्क पनि नहुने सरकारको विश्वास छ ।

गत १० फागुन ०७९ मा मन्त्रिपरिषद् बैठकले पुल्चोकबाट मन्त्रीहरू भैंसेपाटी क्वार्टर सरेपछि सो क्वार्टर सर्वोच्चका न्यायाधीश र मुख्य रजिस्ट्रारलाई दिने निर्णय गरेको थियो । हाल सर्वोच्चका न्यायाधीशले आवासको व्यवस्था आफैं गरेका छन् ।

संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका इन्जिनियर उमेशकुमार चौधरीका अनुसार मन्त्रीहरू भैंसेपाटीमा सरेपछि सरसफाइ गरेर र मर्मत-सम्भार गरी न्यायाधीशलाई यही क्वार्टर उपलब्ध गराइनेछ । हाल पुल्चोकस्थित मन्त्री क्वार्टर क्षेत्रमा १९ वटा ब्लक (घर) छन् । प्रधानन्यायाधीशसहित सर्वोच्चमा २१ जना न्यायाधीशको दरबन्दी छ ।

प्रधानान्यायाधीशको छुट्टै निवास भएकाले अन्य २० जना न्यायाधीश र मुख्य रजिस्ट्रारलाई राख्न भिदै निवास चाहिएको छ । तर, पुल्चोकमा रहेको मन्त्री क्वार्टरमा १९ जना न्यायाधीश अट्नेछन् भने अन्य दुईजनाका लागि ठाउँ अपुग हुने देखिएको सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले बताए । 'सहरी विकास मन्त्रालय र सर्वोच्चबीच पुल्चोकको क्वार्टरमा न्यायाधीशहरूलाई राख्ने निर्णय भइसकेको छ, मन्त्रिपरिषद्ले पनि निर्णय गरिसकेको छ,' उनले भने, 'त्यहाँको क्वार्टर खाली भएपछि न्यायाधीशहरूलाई सार्नेबारे तयारी हुन्छ, यसको तयारी सहरी विकास मन्त्रालयले नै गर्ने हो ।'

सर्वोच्चका सूचना अधिकारी घिमिरेका अनुसार हाल सरकारले काठमाडौंमा घर नभएका न्यायाधीशका लागि घरभाडा र भएकाहरूका लागि मर्मत खर्च दिने गरेको छ । अब भने घर भएकालाई पनि सरकारी आवाससहितको सुविधा दिएर राख्न लागिएको हो । क्वार्टरमा सरेपछि घरभाडा तथा मर्मतखर्चको बजेट भने कटौती गरिनेछ । काठमाडौंमा घर नभएका न्यायाधीशका लागि सरकारले मासिक २५ हजार घरभाडा दिने गरेको छ । घर भएका न्यायाधीशले मर्मत खर्च भनेर १२ हजार पाँच सय रुपैयाँ पाउने गरेका छन् ।

मन्त्री क्वार्टर क्षेत्रमा रहेको खाली जग्गा बर्गैचामा परिणत गर्ने योजना सहरी विकास मन्त्रालयले बनाएको छ । तर, कहाँ र कसरी पार्क तथा बर्गैचा बनाउने भन्नेबारे योजना बनिनसकेको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका इन्जिनियर उमेशकुमार चौधरीले बताए ।

'सर्वोच्च अदालतले न्यायाधीशलाई राख्न यो क्वाटर माग गरेको छ, यस क्षेत्रमा खाली अवस्थामा रहेको जग्गालाई पार्क बनाउने कुरा पनि उठिरहेको छ,' उनले भने, 'तर, पार्क बनाउने योजना भने बनिसकेको छैन ।'

असारभित्र मन्त्रीहरूलाई भैंसेपाटीको क्वार्टरमा सार्ने तयारी

मन्त्री तथा राष्ट्रिय सभाका पदाधिकारीहरूका लागि भैंसेपाटीमा बन्दै गरेको क्वार्टर असारसम्म तयार भइसक्ने विशेष भवन निर्माण आयोजना प्रमुख मचाकाजी महर्जनले बताए । उनका अनुसार नयाँ मन्त्री क्वार्टरमा मुख्य काम सकिए पनि भित्री कामहरू बाँकी छ । 'मुख्य त अब फर्निचरको काम बाँकी छ, क्वार्टर तथा मन्त्रीका सुरक्षाकर्मी बस्ने ब्यारेक भवन निर्माण भइरहेको छ, बिजुली बत्ती, जेनेरेटर ट्रान्सफर्मर जडानको काम पनि चलिरहेको छ,' उनले भने, 'त्यहाँ स्विमिङ पुल र फाउन्टेन, ढल व्यवस्थापनको काम बाँकी छ, असारसम्म यो काम सकिन्छ ।' सरकारले २४ मन्त्री र राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्ष र उपसभामुखका लागि भैंसेपाटीमा क्वार्टर निर्माण गरेको हो ।

रहमानको ठाउँमा आएकी सांसद अन्सारीको निधन

जसपाकी सांसद मञ्जु शर्मा अन्सारीको ६० वर्षको उमेरमा आइतबार निधन भएको छ । समानुपातिकतर्फ महिला मुस्लिम कोटामा प्रतिनिधिसभा सदस्य सहनाज रहमानको हृदयाघातबाट निधन भएपछि उनको ठाउँमा बन्दसूचीमा महिला मुस्लिम कोटाको दोस्रो नम्बरमा रहेकी अन्सारी ६ चैत ०७९ मा सांसद भएकी थिइन् । सांसद बनेको एक वर्षमा अन्सारीको उपचारका क्रममा सिभिल अस्पतालमा निधन भएको हो । उनको निधनमा सभामुख देवराज घिमिरेले अस्पतालमा पुगेर शोक प्रकट गरेका छन् भने प्रतिनिधिसभाले शोक प्रस्ताव पारित गरेको छ ।

भुलसुधार

दुग्ध विकास संस्थान, डिडिसि पशु आहारा उत्पादन कारखाना, हेटौंडाको मिति २०८०/१२/०१ गते प्रकाशित सूचनामा दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने मिति २०८०/१२/१५ गते र दरभाउपत्र बुझाउने मिति २०८०/१२/१६ गते हुनु पर्नेमा अन्यथा भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय टांडी, चितवन तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने तथ धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५(पन्ध्र) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१२/०५ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०५/२६ गते मंगलवारको चितवन पोष्ट् राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय टांडी, चितवनमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/१२/२० गते मंगलवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय टांडी, चितवनमा** दिनको ठीक ३ :०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा व्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको विवरण :

१	**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर चितवनमा प्राइभेट फर्म रजिष्टेशन ऐन, २०१४ अर्न्तगत मिति २०७२/०९/०८ गते प्रा.फ.द.नं. ५४४/०७२/७३ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर चितवनवाट मिति २०७२/०७/१२ मा करदाताको नाम विशाल विश्वकर्मा गोतामे कारोवारको नाम ॐ अनुस्का ज्वेलर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०३६५७४९० को प्रमाणपत्र प्राप्त **ॐ अनुस्का ज्वेलर्स । रजिष्ट्रर्ड ठेगाना :** चितवन जिल्ला खैरहनि न.पा. वडा नं. ८, पर्सा वजार ।	
	प्रोप्राइटर तथा जमानतकर्ता : विशाल विश्वकर्मा गोतामे (ना.प्र.नं. १८४०/०५९ जारी मिति २०५९/०९/०५ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । ठेगाना : चितवन जिल्ला जगतपुर गा.वि.स वडा नं. ४ (हाल भरतपुर म.न.पा. वडा नं. २३) । हालको ठेगाना : चितवन जिल्ला खैरहनि न.पा. वडा नं. १ । बाबु : लछुमन विश्वकर्मा । बाजे : कृष्ण बहादुर विश्वकर्मा ।	**जमानतकर्ता : सरस्वती पोखरेल** (ना.प्र.नं. ३७१७५, जारी मिति २०६४/०४/२२ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । स्थायी ठेगाना : चितवन जिल्ला भरतपुर न.पा. वडा नं. ०२ (हाल भरतपुर म.न.पा. वडा नं. २) । हालको ठेगाना : चितवन जिल्ला खैरहनि न.पा. वडा नं. १ । बाबु : गणेश बहादुर वि.क । पति : विशाल विश्वकर्मा गोतामे । ससुरा : लछुमन विश्वकर्मा ।
	जमानतकर्ता : लछुमन विश्वकर्मा (ना.प्र.नं. ०८४५ , जारी मिति २०३६/०६/०३ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २३ (साविक-जगतपुर गा.वि.स वडा नं. ३) । बाबु : कृष्ण बहादुर विश्वकर्मा । बाजे : खुन्त बहादुर विश्वकर्मा ।	**जमानतकर्ता : शुन्तली वि.क.** (ना.प्र.नं. ७०४, जारी मिति २०४५/०२/०७ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । ठेगाना : :चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २३ (साविक-जगतपुर गा.वि.स वडा नं. ३) । बाबु : धन बहादुर वि.क. । पति : लछुमन विश्वकर्मा । ससुरा : कृष्ण बहादुर विश्वकर्मा ।
२	**ऋणी : विशाल विश्वकर्मा गोतामे** (ना.प्र.नं. १८४०/०५९ जारी मिति २०५९/०९/०५ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । ठेगाना : चितवन जिल्ला जगतपुर गा.वि.स वडा नं. ४ (हाल भरतपुर म.न.पा. वडा नं. २३) । हालको ठेगाना : चितवन जिल्ला खैरहनि न.पा. वडा नं. १ । बाबु : लछुमन विश्वकर्मा । बाजे : कृष्ण बहादुर विश्वकर्मा ।	**जमानतकर्ता : सरस्वती पोखरेल** (ना.प्र.नं. ३७१७५, जारी मिति २०६४/०४/२२ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । स्थायी ठेगाना : चितवन जिल्ला भरतपुर न.पा. वडा नं. ०२ (हाल भरतपुर म.न.पा. वडा नं. २) । हालको ठेगाना : चितवन जिल्ला खैरहनि न.पा. वडा नं. १ । बाबु : गणेश बहादुर वि.क । पति : विशाल विश्वकर्मा गोतामे । ससुरा : लछुमन विश्वकर्मा ।
	जमानतकर्ता : लछुमन विश्वकर्मा (ना.प्र.नं. ०८४५ , जारी मिति २०३६/०६/०३ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । ठेगाना : चितवन जिल्ला भरतपु

४२ महिनामा २१४१ को हत्या, महिला ८०१

हत्याका अधिकांश घटनामा आफन्त नै संलग्न, पीडित हुने महिलाको संख्या धेरै

टेकराज थामी, शिल्पा कर्ण

गोकर्णेश्वर नगरपालिका-३ की १८ वर्षीया सुष्मा लामाको शव गत २४ फागुनमा तरेभिरस्थित शिवपुरी राष्ट्रिय निकुञ्जमा गाडिएको अवस्थामा फेला पऱ्यो । प्रहरीले घटना सम्बन्धमा अनुसन्धान गऱ्यो । यही क्रममा गोकर्णेश्वर नगरपालिका-३ तारेभिरका २१ वर्षीय रुपेन्द्र लामा पक्राउ परे ।

मृतक र घटनामा संलग्न अभियुक्तको सम्बन्ध खोतल्दै जाँदा उनीहरू आपसमा पहिल्यैबाट चिनजानमा रहेको खुल्यो । प्रहरीका अनुसार रुपेन्द्रले सुष्मालाई एकतर्फी प्रेम गर्थे । उनले सुष्मासमक्ष पटक-पटक प्रेम प्रस्ताव राखेका थिए । तर, सुष्माले इन्कार गर्दै आएकी थिइन् । सोही भोकमा रुपेन्द्रले सुष्मा हिँड्ने बाटो ढुके, हत्या गरे र जंगलमा लगेर गाडे ।

रामेछाप लिखुतामाकोसी गाउँपालिका-५ की २८ वर्षीया प्रमिला दमाईं दोलखा वैतेश्वर गाउँपालिका-७ का ३८ वर्षीय कुमार श्रेष्ठसँग प्रेममा थिइन् । उनीहरू काठमाडौंमा लिभिङ टुगेदरमा समेत बस्दै आएका थिए । विवाहित कुमारलाई प्रमिलाले विवाह गर्न दबाब दिँदै आएकी थिइन् । प्रमिला आफैँ पनि विवाहित थिइन् । त्यसैले कुमारले प्रमिलाको प्रस्तावलाई पन्छाउँदै आइरहेका थिए ।

दबाब थेग्न नसकेपछि गत २४ माघमा कुमारले प्रमिलालाई गौशलास्थित सिराहा धनुषा होटेल एन्ड लजको कोठा नम्बर १०८ मा बोलाए । प्रमिला लज गइन् । दुवैजना सँगै बसे । प्रमिलाले यसपटक पनि श्रेष्ठलाई विवाहको दबाब दिइरहिन् । तर, श्रेष्ठले मानेनन् । दुईबीच विवाद भयो । विवादपछि झडपमा बदलियो । उत्तेजित बनेका श्रेष्ठ प्रमिलाको घाँटी अँठ्याउन पुगे । सँगै रहेको डोरीले घाँटी कसे । अन्ततः सोही कारण प्रमिलाको ज्यान गयो । गत कात्तिकमा तनहुँ भीमदत्त नगरपालिका-१ की ५१ वर्षीया सफिना मियाँको काठमाडौं महानगरपालिका-१५ स्वयम्भू शोभाभगवतीस्थित सरिता गिरीको घरमा कोठामै हत्या भयो । घटनामा संलग्न रहेको अभियोगमा बिहार दरभंगा लालबागका ४७ वर्षीय इकरामुल हक अन्सारी पक्राउ परे । खोतल्दै जाँदा उनीहरू वर्ष दिनदेखि लिभिङ दुगेदरमा थिए । विवाहित दुईबीच स-साना विषयमा विवाद भइरहन्थ्यो । अन्सारी बेलुका सधैँ मदिरा पिउँथे । नशाको सुरमा उत्तेजित बनेका उनले सफिनालाई ढोकाको आग्लो झिकेर प्रहार गरे । सोही कारण उनको मत्यु भयो ।

हत्यासँग सम्बन्धित माथिका तीन घटना फरक ठाउँका हुन् । घटना भएको मिति, समय र मृतक पनि फरक-फरक हुन् । तीनवटै घटनामा एउटा समान पक्ष के छ भने मृतक र हत्यामा संलग्न अभियुक्त चिनजानभित्रकै हुन् । जसमा मारिने महिला छन् । जसबाट पुष्टि हुन्छ कि पछिल्ला दिन भएका हत्याका अधिकांश घटनामा आफन्त संलग्न छन् । र, जसमा मारिने महिला धेरै छन् । नेपालको तथ्यांकले पनि पछिल्ला वर्ष भएका हत्याका अधिकांश घटना आफन्तबाटै हुने गरेको देखाउँछ । पछिल्लो ४२ महिनाको तथ्यांकअनुसार मुलुकभर दुई हजार एक सय ४१ जनाको हत्या भयो । जसमा मारिने महिलाको संख्या ८०१ रहेको छ । यो कुल मारिने संख्याको ३७.४१ प्रतिशत हो ।

४२ महिनामा भएका हत्या

आ.व.	पुरुष	महिला	जम्मा
०७७-७८	४६७	२४०	७०७
०७८-७९	३८९	२२३	६१२
०७९-८०	३००	२२२	५२२
०८०-८१ पुससम्म	१८४	११६	३००
जम्मा	१३४०	८०१	२१४१

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी भीम ढकालले पछिल्ला वर्ष हत्याका अधिकांश घटना आफन्तबाटै धेरै हुने गरेको र जसमा पीडित हुने महिलाको संख्या धेरै रहेको बताए । 'पछिल्ला वर्ष भएका हत्याका घटना हामीले विश्लेषण गरेका छौं । जसमा अधिकांश घटना आफन्तबाटै भएको देखिन्छ । पीडित हुने महिलाको संख्या पनि बढ्दै गएको देखिन्छ । बलात्कारका घटनामा पनि संलग्न हुने अधिकांश आफन्त र कुनै न कुनै रूपले चिनचाजमा रहेको व्यक्ति नै रहेको देखिन्छ,' उनले भने ।

■ बिमा रकमका लागि नक्कली विवाह र हत्या

बिमा एजेन्ट र श्रीमतीसमेत पाँचजना दोषी ठहर

बाँकेका सर्जन विकको बिमा रकम लिन नक्कली विवाहपछि हत्या गराई सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा पाँचजना दोषी ठहर भएका छन् । विशेष अदालतले पाँच महिनाअघि दायर मुद्दामा आइतबार फैसला गरेको हो । विशेषका अध्यक्ष टेकनारायण कुँवर, तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले गरेको फैसलामा एकजनालाई मतियार ठहर गरिएको छ भने अर्का एकजनासँग रकम जफत हुने फैसला भएको छ । प्रतिवादीहरूमाथि सजाय निर्धारण गर्न १३ चैतको पेसी तोकिएको उपरजिस्ट्रार धनबहादुर कार्कीले जानकारी दिए ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धानपश्चात् सपना मल्ल, सरदार अहमद खाँ, दीपक केसी, छविकुमारी खत्री, टोपबहादुर राना क्षेत्री र सञ्जीव अर्यालले प्रतिवादी बनाउँदै मुद्दा दर्ता गरेको थियो । मल्लउपर दुई करोड ५० लाख, अर्यालउपर ८० लाख ३६ हजार, केसीमाथि ६० लाख र खाँउपर २० लाख रुपैयाँ बिगो मागदाबीसहित मुद्दा दायर भएको थियो । गत २३ असोजमा मुद्दा दायर गरेकोमा खत्रीको हकमा रकम जफत हुने फैसला भएको छ । राना मतियार ठहर भएका छन् । खत्रीउपर १७ लाख ४६ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर भएको थियो । उनीमाथि अन्य अभियोग पुष्टि नहुने फैसला भएको हो । खत्री मल्लकी आमा हुन् । रानामाथि मल्ललाई हुने सजायको आधा अर्थात् मतियारसरहको अभियोग दाबी लिइएको थियो, जुन पुष्टि भएको छ ।

मल्ल र विकको विवाह २८ फागुन ०७७ मा भएको थियो । सोही दिन अर्यालले बिमा एजेन्ट खाँमार्फत विकको जीवन बिमा गरिदिएका थिए । वार्षिक दुई लाख रुपैयाँ आय भएको भनी बिमाको कागजातमा स्वघोषणा गरेका विकको पहिलो किस्ता अर्यालले नै तिरेको खुलेको थियो । अर्याल एक बिमा कम्पनीका पूर्वकर्मचारीसमेत हुन् । अर्यालकै सल्लाहमा विकसँग विवाह गरी डिपेन्डेन्टमा मल्ल पनि अस्ट्रेलिया जाने तयारी थियो ।

सिराहामा तीन महिलाको हत्यामा श्रीमान्हरूकै संलग्नता

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको गोलबजार, सिराहा र लक्ष्मीपुरपतारीमा ६ दिनको अवधिमा हत्या गरिएका तीन महिलाको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले मृतकका श्रीमान्हरूलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दाअन्तर्गत अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ । जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार गत २६ फागुनमा गोलबजार-६ स्थित होटेलको कोठामा बीभत्स ढंगले हत्या गरिएको अवस्थामा भेटिएकी अनिता साहकी श्रीमान् महेन्द्र साहलाई १ चैतदेखि लागू हुने गरी कर्तव्य ज्यान मुद्दामा सिराहा जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

त्यस्तै, सिराहा नगरपालिका-६ बसबिट्टास्थित कमला बाँधनजिकै बाख्रा चराइरहेका वेला २७ फागुनमा घाँस काट्ने हँसियाले हत्या गरिएको अवस्थामा स्थानीय करिब ६० वर्षीया निर्मला साहको शव फेला परेको थियो । अनुसन्धानका क्रममा नियन्त्रणमा लिइएका उनका श्रीमान् ६५ वर्षीय रामउद्गार साहको संलग्नता पुष्टि हुने आधारहरू भेटिएपछि त्यही दिनदेखि लागू हुने गरी कर्तव्य ज्यान मुद्दामा सिराहा जिल्ला अदालतबाट सात दिनको म्याद लिई जिल्ला प्रहरीबाट थप अनुसन्धान भइरहेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रवीन्द्रराज पाण्डेले जानकारी दिए । यस्तै, लक्ष्मीपुरपतारी गाउँपालिका-६ सीतापुरस्थित आफ्नै करेसाबारीमा १ चैतमा घाँटीमा बन्चरो प्रहार गरी हत्या गरिएकी करिब ४० की कुमियादेवी दासका श्रीमान् श्रीदेव दास भनिने करिब ५६ वर्षीय रामशीतल तत्मालाई तत्काल नियन्त्रणमा लिई अनुसन्धानको क्रममा संलग्नता पुष्टि भएपछि त्यही दिनदेखि लागू हुने गरी कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान भइरहेको उनले बताए । गत २६ फागुन बिहान करिब पौने २ बजेतिर गोलबजार नगरपालिका-६ मा महेन्द्र साहले सञ्चालन गरिरहेको न्यू स्टार होटेलको कोठामा अज्ञात व्यक्तिहरू आएर श्रीमतीलाई कुटपिट गरी फरार भएको भन्दै आरोपी साह स्वयंले गोलबजार प्रहरीमा फोन गरेका थिए ।

नयाँ गठबन्धनलाई प्रदेशमा सकस

जिल्ला ब्यूरो

केन्द्रमा नयाँ समीकरणअनुसार सरकार गठन भए पनि प्रदेशमा भने अझै अन्योलता देखिएको छ । १५ दिन बितिसक्दा पनि केन्द्रको समीकरणअनुसार प्रदेशमा नयाँ सरकार अझै बन्न सकेको छैन । केन्द्रमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिम प्रदेशमा कांग्रेस नेतृत्वको सरकारलाई नै समर्थन गर्ने निर्णय गरेको छ । गण्डकी प्रदेशमा एकीकृत समाजवादीमा प्रवेश गरेका सांसद दीपक मनाङे अर्थात् राजीव गुरुङले स्वतन्त्र बस्ने निर्णय लिएका छन् । बागमती प्रदेशमा दुई सांसद रहेको हाम्रो नेपाली पार्टीले मुख्यमन्त्रीमा दाबी गरेको छ ।

■ केन्द्रमा गठबन्धन र सुदूरपश्चिममा कांग्रेस सरकारलाई समर्थन

प्रतिनिधिसभा र तीनवटा प्रदेशमा प्रतिनिधित्व रहेको नागरिक उन्मुक्ति पार्टीले च्याँखे दाउ थापेको छ । केन्द्रमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको नाउपाले सुदूरपश्चिममा भने कांग्रेस नेतृत्वको सरकारलाई समर्थन कायम राख्ने निर्णय गरेको हो । यसरी नाउपाले जसरी पनि सत्तामा जाने बाटो लिएको छ ।

केन्द्रमा माओवादी, एमालेसहित पाँचदलीय गठबन्धन सरकार छ भने सुदूरपश्चिममा कांग्रेस नेता एवं मुख्यमन्त्री कमलबहादुर शाह सरकार जोगाउन लागिपरेका छन् । सुदूरपश्चिममा सात सांसद रहेकामा पाँच मन्त्री पाएको नाउपाको आइतबारको संसदीय दलको बैठकले समर्थन कायमै राख्ने र विश्वासको मत दिने निर्णय गरेको हो । ५३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि २७ सिट आवश्यक पर्छ । सत्तापक्षमा अहिले कांग्रेसका १८ र नागरिक उन्मुक्तिका सात गरी २५ सांसद छन् ।

■ बागमती सरकारको नेतृत्वमा हाम्रो नेपाली पार्टीको पनि दाबी

केन्द्रमा नयाँ सत्ता समीकरण बनेसँगै बागमती प्रदेश सरकारबाट तत्कालीन सत्ता साझेदार दल कांग्रेस बाहिरिएको १५ दिन पुग्दै छ । तर, अझै पनि मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वले निरन्तरता पाउँछ कि नयाँ नेतृत्व आउँछ भन्नेमा अन्योल छ । जसकारण नयाँ गठबन्धनमा रहेका र सरकार बनाउन महत्त्वपूर्ण भूमिका रहेका साना दल सबैले सरकारको नेतृत्व दाबी गरेका छन् ।

नयाँ गठबन्धन बनेपछि एमाले, माओवादी र एकीकृत समाजवादीले मात्र सरकार गठन गर्न सक्दैनन् । बागमती प्रदेश सभामा नयाँ गठबन्धनलाई बहुमत जुटाउन निर्णायक मानिएको हाम्रो नेपाली पार्टीले साथ दिनुपर्ने हुन्छ । प्रदेशमा दुईजना सांसद रहेको हानेपाले सरकारको नेतृत्व आफूले पाउनुपर्ने दाबी गरेको छ । हाम्रो नेपाली पार्टीको ३ र ४ चैतमा बसेको केन्द्रीय कमिटीको बैठकपछि जारी विज्ञप्तिमा लोकतान्त्रिक पद्धति र जनताको विश्वासलाई कायम राख्न बागमती प्रदेश सरकारको नेतृत्व गर्न आफ्नो पार्टी तयार रहेको जनाएको छ ।

एक सय १० सदस्यीय प्रदेश सभामा सरकार बनाउन ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेश सभामा माओवादीका २१, एमालेका २७ र एकीकृत समाजवादी सात गरी ५५ सांसद छन् । सत्ता गठबन्धनलाई सरकार टिकाउन एक सांसद अपुग देखिन्छ । यसका लागि नयाँ गठबन्धनले हाम्रो नेपाली पार्टीको साथ लिन सक्छ । ३७ सदस्य रहेको प्रदेशको सबैभन्दा ठूलो दल कांग्रेस सत्ता र गठबन्धनबाट बाहिरिसकेको छ । नेपाल मजदुर किसान पार्टीले सत्ताको चलखेलमा नलाग्ने बताउँदै आएको छ ।

दीपेश पुनलाई थप आठ दिन हिरासतमा राख्न अनुमति

भैरहवा/ सुप्रिम सहकारी ठगी प्रकरणमा मुछिएका दीपेश पुनलाई थप आठ दिन हिरासतमा राख्न जिल्ला अदालत रुपन्देहीले अनुमति दिएको छ । काठमाडौंबाट शुक्रबार पक्राउ परेका दीपेशमाथि प्रहरीले सहकारी हिनामिनामा अनुसन्धान गरिरहेको छ । रुपन्देहीस्थित सुप्रिम बचत तथा ऋण सहकारीको रकम हिनामिनाको अनुसन्धान गर्न रुपन्देही प्रहरीले उनलाई हिरासतमा राखेको हो । ८३ करोड रुपैयाँ हिनामिना भएको भन्दै एक हजार ७३० सहकारीपीडितले उजुरी दिएका थिए । दीपेश यो सहकारीका संस्थापक कोषाध्यक्ष हुन् । सोही सहकारीका संस्थापक अध्यक्ष जिबी राई भने फरार छन् । पूर्वउपराष्ट्रपतिका छोरा दीपेशमाथि सुन तस्करीमा संलग्न रहेको आरोपमा पनि अनुसन्धान गर्ने प्रहरीको तयारी छ ।

बाँसबारी जग्गाको अनुसन्धान अघि बढाउन गृहमन्त्रीको निर्देशन

काठमाडौं/ उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले बाँसबारी छालाजुत्ता कारखानाको हडपिएको १० रोपनी जग्गा सम्बन्धमा अनुसन्धान प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन् । गृहमन्त्री लामिछानेले गृहसचिव एकनारायण अर्याल, नेपाल प्रहरीका आईजिपी वसन्त कुँवर र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का निर्देशक एआइजी श्यामलाल ज्ञवालीलाई आइतबार मन्त्रालय बोलाएर निर्देशन दिएका हुन् ।

सिआइबी प्रमुख ज्ञवालीले छालाजुत्ता कारखानाको हडपिएको जग्गा सम्बन्धमा अनुसन्धान जारी रहेको र सोही प्रक्रियामा गृहमन्त्री लामिछानेको चासो रहेको बताए ।

गृहस्रोतका अनुसार गृहमन्त्री लामिछानेले उद्योगपति विनोद चौधरीविरुद्ध पनि छानबिन गर्न निर्देशन दिएका छन् । 'छालाजुत्ता कारखानाको जग्गा हडपिएको छ । यसको अनुसन्धान प्रक्रिया तत्काल अघि बढाउनुहोस् । दोषी देखिए विनोद चौधरीलाई पनि अनुसन्धान प्रक्रियामा सामेल गराउनुहोस्,' गृहमन्त्री लामिछानेको भनाइ थियो ।

नबिल बैंक लिमिटेड, धनगढी शाखा, कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/१२/०५)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीफर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मिति २०८०/०१/१४ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको**मा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **धनगढी शाखा कैलाली**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको नाम ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति : २०७३/०२/१० मा दर्ता नं. १४९७४८/०७२/०७३ अन्तर्गत दर्ता भएको **श्री सुदुरपश्चिम मोहन्याल कृषि तथा पशुपालन व्यवसाय प्रा.ली.** । ठेगाना : कैलाली जिल्ला, पहलमानपुर गा.वि.स. वडा नं. १ पहलमानपुर बजार कैलाली ।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कालु रावतको नाति, बने रावतको छोरा, बझाङ जिल्ला, गडराय गा.वि.स. वडा नं. ७ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ३८५९ (जारी मितिः २०४९/०९/१२, स्थान बझाङ) भएका **श्री राम बहादुर रावत** ।

२. रिनारी कामीको नाति, जया कामीको छोरा, कैलाली जिल्ला, मसुरिया गा.वि.स. वडा नं. १ स्थायी घर भइ हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. ८ बस्ने ना.प्र.नं. ६७३००७/२४३ (जारी मितिः २०६३/१०/०७, स्थान कैलाली) भएका **श्री जंग बहादुर बि.क.** ।

३. रौएर सिंह थापाको नाति, चन्द्र बहादुर थापाको छोरा, बाजुरा जिल्ला, ब्रहम्तोला गा.वि.स. वडा नं. १ स्थायी घर भइ हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. ८ बस्ने ना.प्र.नं. ४३९/३६२५ (जारी मितिः २०४८/०६/१३, स्थान बाजुरा) भएका **श्री सागर थापा** ।

४. जगन्नाथ भण्डारीको नाति, डिल्लीराम भण्डारीको छोरा, कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १० स्थायी घर भइ हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७ बस्ने ना.प्र.नं. २१८९३ (जारी मितिः २०५५/०३/२३, स्थान कैलाली) भएका **श्री जयराज भण्डारी** ।

५. नन्दलाल भट्टको छोरी, गजेन्द्र प्रसाद, तिवारीको श्रीमती, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. १६४८८६ (जारी मितिः २०६३/१२/०१, स्थान कञ्चनपुर) भएका **श्रीमती खगेश्वरी तिवारी** ।

६. कालु रावतको नाति, वीर बहादुर रावतको छोरा, कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स. वडा नं. १ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११ बस्ने ना.प्र.नं. ३२१२७ (जारी मितिः २०५६/०९/१८, स्थान कैलाली) भएका **श्री खडक बहादुर रावत** ।

७. महानन्द जोशीको नाति, बासुदेव जोशीको छोरा, कैलाली जिल्ला, मुसीरिया गा.वि.स. वडा नं. ९ स्थायी घर भइ हाल कैलाली जिल्ला, गौरीगंगा न.पा. वडा नं. ८ बस्ने ना.प्र.नं. १५३४४ (जारी मितिः २०५३/१२/२०, स्थान कैलाली) भएका **श्री मदन राज जोशी** ।

८. कुल बहादुर सुनारको नाति, पुनाराम सुनारको छोरा, कैलाली जिल्ला, रतनपुर गा.वि.स. वडा नं. ९ स्थायी घर भइ हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ८ बस्ने ना.प्र.नं. १८६५ (जारी मितिः २०४४/११/१६, स्थान कैलाली) भएका **श्री टेक बहादुर सुनार** ।

९. लोक बहादुर बुढाको छोरी, नवल सिंह बोगटीको बुहारी, जंग बहादुर बोगटीको श्रीमती, कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स. वडा नं. २ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. १८५९ (जारी मितिः २०४४/१२/०७, स्थान अछाम) भएका **श्रीमती पदमा देवी बुढा** ।

१०. श्री कृष्ण बहादुर बमको नाति, रण बहादुर बमको छोरा, कैलाली जिल्ला, साढेपानी गा.वि.स. वडा नं. ४ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. २११७ (जारी मितिः २०४६/०३/१८, स्थान कैलाली) भएका **श्री गणेश बहादुर बम** ।

११. भुवानु सिंह बमको नाति, पुरन सिं बमको छोरा, सुखेंत जिल्ला, वस्पानी गा.वि.स. वडा नं. ७ स्थायी घर भइ हाल कैलाली जिल्ला घोडाघोडी न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. ८००२/३३९ (जारी मितिः २०३७/१२/०२, स्थान सुखेंत) भएका **श्री पुस्कल बहादुर बम** ।

१२. परिमल बोगटीको नाति नवल सिंह बोगटीको छोरा, कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स. वडा नं. २ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. ३/३१२ (जारी मितिः २०४७/११/२९, स्थान अछाम) भएका **श्री जङ्ग बहादुर बोगटी** ।

१३. देवे नाथको नाति, दिले नाथको छोरा, अछाम जिल्ला, मंगलसेन न.पा वडा नं. १ स्थायी घर भइ हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ८ बस्ने ना.प्र.नं. ४२५४ (जारी मितिः २०४८/०२/२३, स्थान अछाम) भएका **श्री टिका नाथ** ।

१४. मंगल डंगौरा थारुको नाति, आईतबारी लाल चौधरीको छोरा, कैलाली जिल्ला, पहलमानपुर गा.पा. वडा नं. ५ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११ बस्ने ना.प्र.नं. १८५१ (जारी मितिः २०४०/११/०५, स्थान कैलाली) **भएका श्री परदेशु चौधरी** ।

धितोमा रहेको जग्गाको विवरण

१. बझाङ जिल्ला, गडराय गा.वि.स. वडा नं. ७ स्थायी घर भइ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १० बस्ने **श्री राम बहादुर रावत**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, साविक मसुरिया गा.वि.स. वडा नं. ६ सिट नं. ०२७/०६६९ स्थित कित्ता नं. १५७ को क्षेत्रफल ६०६५ वर्ग मिटरमा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

२. **श्री सुदुरपश्चिम मोहन्याल कृषि** तथा **पशुपालन व्यवसाय**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, पहलमानपुर गा.वि.स. वडा नं. २ सिट नं. ०२७/०७९२ किता नं. क्रमशः २९५, २९८, २९९, ४०८, ४१३, ४१६ र ४१८ को क्षेत्रफल क्रमशः ६० ९.७४, १६९.३२, १६९.३१, ५०७.९५, २२३, ४४९.७४, र ७५५.८९, वर्ग मिटरमा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

३. **श्री मदन राज जोशी, श्री चिरन्जिवी जोशी** र **श्री संगम राज जोशी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, मसुरिया गा.वि.स. वडा नं. ९ सिट नं. ०२७/०७८८ किता नं. क्रमशः २५७ र २५५ को क्षेत्रफल क्रमशः १०६५ र ९.२४ वर्ग मिटरमा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **शाखा कार्यालय धनगढी**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/१२/१९ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **धनगढी शाखा कार्यालय कैलाली**मा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८०/१२/२० गते ३:०० बजे बैंकको **धनगढी शाखा कार्यालय कैलाली**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरक

समाजमा बढ्दो असहिष्णुता

नैतिक मूल्य र डिजिटल साक्षरताको कमी तथा कसै-कसैको गैरजिम्मेवार अभिव्यक्तिले समाजमा असहिष्णुता र विषाक्तता निम्त्याउन सक्छ



● डा. निर्मल कँडेल

अग्रलेख


नेपालका सामाजिक सञ्जालको परिदृश्य केही अपवादबाहेक चरम, कट्टर, पाखण्डी, स्त्रीद्वेषी र जातिवादीहरूले भरिएको देखिन्छ। समाजमा यस्ता मानिसको अस्तित्व सामाजिक सञ्जालका प्लाटफर्मको आगमनभन्दा धेरै अगाडिदेखि नै कायम देखिन्छ। तथापि, अहिलेलाई सामाजिक सञ्जाल एक उत्प्रेरक भएको छ र यसले असहिष्णुताको उचाइलाई नयाँ स्तरमा पुऱ्याइरहेको छ। यस लेखमा यो बढ्दो असहिष्णुताका पछाडिका रहेका केही कारणलाई केलाउने प्रयास गरिएको छ।

देश धर्मनिरपेक्ष र समावेशी भए पनि विगत र हालमा भइरहेका केही सन्दर्भबाट चर्चा सुरु गरौँ। तराईका जनतालाई पहाड र सहरहरूमा कस्तो व्यवहार गरिन्छ, जगजाहेर छ। दलितलाई सहरमा घरभाडामा दिन गाह्रो मान्ने वर्ग अझै छन्। छाउपडी प्रथादेखि भान्सा र सार्वजनिक कार्यालयमा महिला र बालिकामाथि हुने भेदभावका विभिन्नस्तर र रूप कायमै छन्। गीतामा ब्राह्मण (शिक्षा दिने), छेत्री (शासन गर्ने र संरक्षण गर्ने), वैष्णव (व्यवसाय गर्ने) र शूद्र (सेवा प्रदान गर्ने) भनी वर्गीकरण गरिएको छ। तर, खस-आर्यको वर्चस्व र आफ्नो श्रेष्ठता कायम राख्न र फाइदा लिन, केही सुकिलामुकिला समूहले यो वर्गीकरणलाई गलत परिभाषित गरेका छन् र भेदभावको संस्कृति र व्यवहारलाई निरन्तरता दिन सफल भएका छन्। जसको एक परिणाम असहिष्णु समाज बन्नु पनि हो। तसर्थ, असहिष्णुता लामो समयदेखि अन्तर्निहित र स्थापित व्यवहार हो। हामीले यो पनि बुझ्न आवश्यक छ कि सबै नागरिक असहिष्णु छैनन्। हामीले देखेका सबै राजनीतिक र सामाजिक परिवर्तन सबै जातीय समूहको सामूहिक प्रयासबाट सम्भव भएको हो, जसमा खस-आर्य समूहका केही व्यक्तिको उल्लेखनीय योगदान छ, जो सुकिलामुकिला समूहको प्रतिनिधित्व गर्नेहरूभन्दा फरक छन्।

घट्दो नैतिक मूल्य र मान्यता : हाम्रो समाजका केही अगुवाजस्तो देख्छन्, त्यस्तै बोल्छन्। अनेक सीमाहरूका बाबजुद, आफ्नो क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका उनीहरू विभिन्न विकृति, विसंगति र गलत कामका मुखर आलोचक पनि हुन्। उनीहरू आफ्नो आलोचनालाई तार्किक रूपमा तर्कसंगत बनाउने पनि गर्छन्। तर, दुर्भाग्यवश, कोही-कोही कट्टरपन्थी र असहिष्णु मानिस छन्, तार्किक वा रचनात्मक आलोचना गर्न पनि सक्दैनन् र अरूले गरेको तर्कमा सहमत हुन पनि सक्दैनन्। उनीहरू त्यस्ता सामाजिक अगुवाको खिल्ली उडाएर बडो निम्नस्तरीय टिप्पणी गरिरहेका भेटिन्छन्।

समाजमा मानव अधिकार तथा लैंगिक अधिकारका लागि लड्ने, संघर्ष गर्ने मानिस पनि असहिष्णु सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको आक्रमणको निसानामा पर्ने गरेका छन्। बलात्कारविरोधी अभियन्ता पनि यस्ता असहिष्णु आक्रमणको सिकार भइरहेका देखिन्छन्। यस्ता अधिकांश असहिष्णु टिप्पणी प्रायः पुरुषहरूबाटै आउने गर्छन्, अझ विशेषगरी केही खस-आर्य समूहबाट। जसले परम्परागत रूपमा घर, समुदाय र समाजमा महिला र बालिकाविरुद्ध विभेद गर्छन्। सम्भवतः यो पितृसत्तात्मक अभ्यासका कारण उब्जेको असहिष्णुता हो।

दुर्गममा बसेर सेवा गर्ने, आफ्नो ज्ञान र विज्ञताको बलमा अन्तर्राष्ट्रिय विशेषज्ञका रूपमा विभिन्न देशमा काम गरिसकेका महिला पनि यस्ता असहिष्णु आक्रमणको निसानामा परिरहेका देखिन्छन्। उनीहरूमाथि अत्यन्त अशोभनीय टिप्पणीहरू भइरहेका हुन्छन्। हाम्रो समाजमा धर्मनिरपेक्षता, समावेशिता र देशका हरेक नागरिकको समान अधिकारको वकालत गर्नेहरूमाथि आक्रमण गर्ने विशेष दस्ता नै तयार छ सामाजिक सञ्जालमा। मानव अधिकार, महिला अधिकार, बाल अधिकार आदिको वकालत गर्नासाथ त्यस्ता मानिसलाई क्रिस्चियन वा डलरेको पगरी भिराउन कत्ति पनि ढिलो गर्दैनन् हाम्रा सामाजिक सञ्जालका असहिष्णु टिप्पणीकार। नेपालको समावेशी र धर्मनिरपेक्ष संविधानले जुनसुकै जातजातिको भए पनि हरेक नागरिकलाई समान अधिकार र न्यायको व्यवस्था गरेको छ। संविधान जारी भएपछि पितृसत्तात्मक समाजमा आफ्नो श्रेष्ठतामा रमाइरहेका अधिकांश सम्भ्रान्त समूह आन्दोलित भएका छन्। किनकि अब सबै नागरिकबराबर छन् र उनीहरूले सबैलाई सम्मान गर्नुपर्ने अवस्था आएको छ। तिनले अझै समानता र सामाजिक न्याय स्वीकार गर्न सकिरहेका छैनन्। त्यसैले, तिनीहरू असहिष्णुता, धार्मिक कट्टरता र विषाक्तताको बाटो रोज्दै छन् र



तिनको नकारात्मक टिप्पणी कुनै पनि धर्मनिरपेक्षता, समावेशिता, समान अधिकार र न्यायको खोजी गरिएका पोस्टमा बढी केन्द्रित देखिन्छन्।

पपुलिस्ट नेतृत्व : शताब्दियौँदेखि राज्यले जनतामाथि गरेका दमन र राजनीतिक स्वतन्त्रताबाट वञ्चित गरेका घटना प्रशस्त छन्। हाल गणतन्त्र नेपालमा जनता राजनीतिक अभिव्यक्ति र आफ्नो हक र अधिकार माग्न स्वतन्त्र छन्। तर, अभिव्यक्ति स्वतन्त्रताका नाममा र राजनीतिक ध्रुवीकरणको फाइदा उठाउँदै केही नेता वा अगुवाले नेपाली समाजमा असहिष्णुता बढाउन प्रत्यक्ष, अप्रत्यक्ष योगदान पुऱ्याइरहेका छन्। जनता र समाजलाई उनीहरूको फाइदाका लागि विभाजित गर्नु तिनको मुख्य उद्देश्य हो। यस्ता पपुलिस्ट वा धार्मिक 'कार्ड' खेल्नसमेत पछि पर्दैनन्। नेपाली राजनीतिमा दोस्रो, तेस्रो पुस्ताका युवावयका नेताहरू अहिले कतिपय दलमा निर्णायक तहमा पुगेका पनि छन्। उनीहरूमा पनि पपुलिज्मको मोह अधिक देखिन्छ। नयाँ भनिएका दल र नेताहरूले पनि यही सिको गरेका छन्।

> नैतिक र सामाजिक मूल्य साक्षरताको अभ्यासलाई प्रोत्साहित गर्ने, सम्मानजनक र रचनात्मक संवाद, सहानुभूति र समझदारीलाई बढावा दिने एवं कानुन, नियम र नीति लागू गरी त्यसको सूक्ष्म नियमन गर्ने हो भने असहिष्णुता कम गर्न सकिन्छ

उनीहरू सञ्जालमा आफू, आफ्नो दल या समूहको समर्थनमा विरोधीमाथि जाइलाग्ने समूह निर्माण गरी तिनैको आडमा राजनीति गरिरहेका छन्। यसले पनि समाजमा असहिष्णुतालाई मलजल गरिरहेको छ। राजनीतिमा लागेका कतिपय नयाँ जोस, जाँगर भएका नेताहरूमा पनि 'स्टन्ट' मोह अधिक देखिन्छ। उनीहरू पनि कुनै पनि परिस्थिति या अवसरबाट आफूलाई हुन सक्ने अधिकतम फाइदा लिन सक्षम छन्। नेतृत्वको पपुलिस्ट व्यवहार एक टिभी रियालिटी सोजस्तै हो, जहाँ दर्शकले सोमा प्रवेश गरेर आफूले पनि पुरस्कार जित्न सक्ने विश्वास गर्छन्। यस्तो व्यवहारको 'साइड इफेक्ट' मानिसहरूको परिवर्तित सोच र व्यवहार हो, जसले तल्लोस्तरको प्रतिक्रिया र टिप्पणीमा विश्वास गर्छन् र आफू पनि त्यही बाटोमा लाग्छन्। नेतृत्वको यस्तो व्यवहार उनका अनुयायीहरूले मात्र सिको गर्दैनन्, उनका विरोधीले पनि सिक्छन्। यो व्यवहार हाम्रो समाजमा असहिष्णुता वृद्धिका लागि अर्को उर्वरक तत्त्व हो।

असहिष्णुताको संस्कृति हाम्रा राजनीतिक, सामाजिक तथा अन्य क्षेत्रका केही नेतृत्वमा मात्र सीमित नभई, यसले समाजमा महामारीको रूप लिइसकेको अवस्था छ। दुर्भाग्यवश, केही यस्तै मानिस धर्मको राजनीतिमा भर पर्न थालेका छन्। जसले देशमा धार्मिक असहिष्णुता र भेदभावलाई थप चर्काउन बल दिनेछ।

कानुन र नियम कार्यान्वयनको अभाव : सौहार्दपूर्ण, सहिष्णु समाज र समुदाय कायम गर्ने आधार नै कानुन र नियम हुन्। यसको कार्यान्वयनको अभावमा, धेरैलाई न त जवाफदेहिता चाहिएको छ न त राज्यको डर नै छ। नियम, कानुनको पर्याप्त कार्यान्वयन भएको भए, सामाजिक सञ्जाल प्रयोगकर्ता अधिक सामाजिक, जवाफदेही र सहिष्णु हुने थिए। उनीहरू सहिष्णु भइदिएका भए हाम्रा नेतृत्वकर्ता पनि आफ्ना विरोधी र जनताप्रति सहिष्णु हुने थिए। यी कानुन र नियमको कमजोरी या छिद्रको बलमा बलात्कारीलाई सफाइ दिइन्छ, विभिन्न ठगी या तस्करीमा संलग्न व्यक्ति मन्त्री र लोकप्रिय नेता बन्न सक्छ, एक भ्रष्टले सरकारी निकायको नेतृत्व गर्न सक्छ, एक जातिवादी समाजको अगुवा ठहरिन सक्छ। त्यसैले, भएका नियम, कानुनको भरपर्दो कार्यान्वन जरुरी छ।

अनलाइन प्लाटफर्मद्वारा प्रदान गरिएको छद्मनामी प्रयोगकर्ताका कारण मानिसले जवाफदेहितालाई नै आफ्नो विचार व्यक्त गर्न, टिप्पणी गर्न, कसैमाथि गालीगलोज गर्नसमेत सक्ने भएकाले असहिष्णुतामा वृद्धि भएको हो भन्ने धेरैले तर्क गर्छन्। यसले घृणास्पद भाषण, धम्की, असहिष्णुता र नकारात्मक व्यवहार फैलाउन सक्छ। नैतिक मूल्य र डिजिटल साक्षरताको कमी र कसै-कसैको गैरजिम्मेवार अभिव्यक्तिले समाजमा असहिष्णुता र विषाक्तता निम्त्याउन सक्छ। धेरै मानिस आफ्नो बोली र कार्यको प्रभाव र परिणामबारे पूर्ण रूपमा जानकार हुँदैनन्, जसले सञ्जाल र समाजलाई हानि पुऱ्याइरहेको हुन्छ। राजनीतिक ध्रुवीकरण र सामाजिक विभाजन निम्त्याउने संवेदनशील विषयले सामाजिक सञ्जाल र समाजमा विषाक्ततालाई अझ बढाउँछ। हाम्रा नेता वा अगुवाहरूले यसलाई सकारात्मक ढंगले सम्बोधन गर्नुभन्दा पनि समाज वा सामाजिक मिडियामा प्रतिध्वनि कक्षको प्रभाव सिर्जना गर्छन्, जहाँ व्यक्तिहरूले आफूलाई समान विचारधारा भएका व्यक्तिबीच पाउँछन् र उनीहरूको विश्वासलाई बलियो बनाउने सामग्री प्रयोग गर्छन्। यसले असहिष्णु वातावरण झनै बढाउँछ। यसले विविध दृष्टिकोणलाई निश्चित गर्न सक्छ र अतिवादी विचार र लोकप्रियतावाद स्थापित गर्न सक्छ। तिनीहरूसँग प्रायः तलबी मिडिया हाउस, डिजिटल सेल र क्याडरका बन्द कक्ष हुन्छन्, जसको काम पपुलिज्म कायम राख्नु नै प्राथमिकता हुन्छ।

समाजमा असहिष्णुतालाई सम्बोधन गर्न सामूहिक प्रयासको खाँचो छ। नैतिक र सामाजिक मूल्य साक्षरताको अभ्यासलाई प्रोत्साहित गर्ने, सम्मानजनक र रचनात्मक संवाद, सहानुभूति र समझदारीलाई बढावा दिने, कानुन, नियम र नीति लागू गरी त्यसको सूक्ष्म नियमन गर्ने हो भने असहिष्णुता कम गर्न सकिन्छ। सबैले सकारात्मक सोच मात्र राखिदिने हो भने पनि केही दिनमै असहिष्णुता घटाउन कठिन छैन।

(डा. कँडेल जेनेभा, स्विट्जरल्यान्डमा कार्यरत मेडिकल इपिडिमियोलोजिस्ट र मानवशास्त्री हुन्)
@kandelnirmal

---

३ प्रश्न

संस्कृतिविद् **मल्ल के सुन्दर**लाई



उपत्यकाका स्थानीय तहले रैथाने नाम र विशेषता खोजी गरी संरक्षण गर्ने अभियान सुरु गर्नुलाई कसरी हेर्नुभएको छ ?

यो एकदमै राम्रो र सराहनीय काम हो। विभिन्न स्थानको इतिहास अध्ययन गर्न त्यससित जोडिएका ऐतिहासिक नामको पनि अध्ययन जरुरी हुन्छ। त्यस्ता ऐतिहासिक नाम बिर्सिँदै गइयो भने इतिहास पनि विलुप्त हुन्छ। उदाहरणका लागि माइतीघर मण्डलालाई लिन सकिन्छ। विगतमा नरशमशेरले माइतीघर सिनेमा बनाए। उनले अहिलेको माइतीघर मण्डल रहेको स्थानमा बसोवास गर्ने आफ्ना नातेदारको घरमा सिनेमाको पोस्टरसहित 'डिस्ट्रिब्युसन अफिस' खोले। त्यसपछि सो सडक हुँदै गुड्ने बसका सहचालकहरूले 'माइतीघर, माइतीघर' भन्न थाले। त्यसले गर्दा 'फिब्वः' अर्थात् बलौटे भूमि या बालुवाको मैदान भनिने स्थानीय नाम हराउँदै गयो र माइतीघर नै प्रचलित भयो। त्यस्तै, अहिलेको इन्द्रचोकको खास नाम 'ह्वंगः' अर्थात् दोभान थियो। यस स्थानमा बागमती र विष्णुमतीको दोभान थियो। यस्ता प्राचीन इतिहासको उत्खनन गर्न र नयाँ पुस्तालाई अवगत गराउन पनि अहिले उपत्यकाका स्थानीय तहहरूले सुरु गरेको अभियान अत्यन्त सकारात्मक छ र अन्य स्थानीय तहहरूले पनि यसको अनुकरण गर्नु ठीक हुन्छ।

यस्ता अभियानले मौलिकता संरक्षणमा कस्तो प्रभाव पार्लान् ?

यो एकदमै सकारात्मक काम भएकाले यसको निकै राम्रो प्रभाव पर्छ। यसबाट विलुप्त हुन लागेको इतिहासलाई संरक्षण गर्न सहयोग पुग्छ।

यो अभियान मुख्य गरी के-कस्ता विषयमा केन्द्रित हुनुपर्ला ?

अहिले बिर्सिन लागिएका ऐतिहासिक नाम ब्युँताउने काम भइरहेको छ। पछि त्यससँग जोडिएका जात्रा, पर्व, गुठी, समुदाय आदिसित सम्बद्ध पक्षको पनि खोजी गर्नु राम्रो हुन्छ।

प्रेरक प्रसंग

बालकको बहादुरी

उहिल्यै इंग्ल्यान्डमा नेल्सन नामका एक १२ वर्षीय बालक थिए। उनका मामा जहाजका नाविक थिए। उनी पनि सानै उमेरमा आफ्ना मामासँगै जहाजमा गएर काम सिक्न थाले। बिस्तारबिस्तारै उनी एक चतुर नाविक बने। जब उत्तरी ध्रुवको खोजका लागि रेसहर्स नामक जहाज पठाइयो, तब नेल्सनले पनि सो जहाजमा नाविकका रूपमा काम गर्ने अवसर पाए। उनी खुसीसाथ सो यात्रामा निस्किए।



उत्तरी ध्रुव प्रदेशमा समुद्रलाई बर्फिलो चट्टानले ढाकिरहन्थ्यो र हरसमय समुद्रमा भयंकर जीवजन्तुको आक्रमण हुने भय रहन्थ्यो। एक दिन जहाज अड्याएर राखिएको थियो। नेल्सन आफ्ना एकजना साथीसँग घुम्नका लागि निस्किए। केही टाढा पुगेपछि उनको उउटा भयानक भालुसँग मुठभेड भयो। नेल्सन त्यस भालुलाई निसाना बनाएर दनादन गोली बर्साउन थाले, जब कि उनका साथी कप्तान अन्य नाविकलाई खबर गर्न जहाजतिर दौडिए।

छालका कारण नेल्सनको एउटा पनि गोली भालुको निसानमा लागिरहेको थिएन। केही क्षणमा उनको सबै गाली समाप्त भयो। फेरि पनि उनी डराएनन् र त्यहाँबाट भागेनन्, बरु निर्भयतापूर्वक बन्दुकको कुन्दाले भालुलाई हिकाउँदै गए। केही समयपछि जहाजका कप्तान त्यहाँ पुगे। उनले एक गोली प्रहार गरेर भालुलाई मारिदिए। त्यसरी गोली सकिएपछि पनि भालुसित जुधिरहेका नेल्सनको साहस देखेर कप्तान अचम्मा परे। कप्तानले नेल्सनसँग सोधे, 'किन तिमीलाई भालुसँग डर लागेको थिएन ?' 'बिल्कुलै लागेन। म यो भालुको छाला आफ्नो बाबुका लागि लिएर जानेछु,' नेल्सनले मुस्कुराएर भने। यिनै बहादुर बालक नेल्सन ठूला भएपछि ब्रिटिस फौजका सेनापति बने। यिनकै वीरताका कारण वाटरलुको मैदानमा नेपोलियनको हार भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आफ्नो संस्कृतिको जगेर्ना गरौँ

फागु सद्भाव र रंगको पर्व हो। असत्यमाथि सत्यको विजयको खुसियालीमा हामी फागु पर्व मनाउँछौँ। एक-आपसमा रमाइलो गरेर, मिलेर हामीले फागु खेल्नुपर्छ। अरूको इच्छाविपरीत कसैलाई पनि पानी छ्याप्ने, लोलाले हान्ने र कुनै रंग या अबीर लगाउने गर्नुहुँदैन। तर, पछिल्लो समयमा फागुका नाममा विकृति फैलिएको छ। युवाजमात मदिरा सेवन गरेर उच्छृंखल भई अरूको इच्छाविपरीत फोहोर पानी छ्याप्ने, स्वास्थ्यका लागि हानिकारक रंगको प्रयोग गर्नेजस्ता विकृति बढेका छन्। जसले गर्दा आपसमा झैँझगडासमेत हुने गर्छ। विगतमा पनि फागुका कारण झगडा भई हत्यासमेत भएका अत्यन्त अप्रिय समाचार सुन्नुपरेको थियो।

● **अच्युतमान सिंह प्रधान** 'उत्सुक', बालुवाटार, काठमाडौं
achutpradhan@yahoo.com

विद्यालयलाई कारबाही गरियोस्

शुल्क नतिरेको भन्दै एसइई परीक्षाको तयारीमा जुटेकी छात्रालाई मानसिक तनाव दिने काठमाडौं महाराजगन्जस्थित कान्तिपुर इंग्लिस हाई स्कुलमाथि काठमाडौं महानगरले कारबाही गर्नुपर्छ। संस्थागत विद्यालयमा नियमानुसार लाग्ने शुल्क तिर्नु अभिभावकको दायित्व भए पनि अभिभावकले शुल्क नतिरेको भन्दै विद्यार्थीलाई हतोत्साहित गर्नु कुनै हालतमा स्वीकार्य हुन सक्दैन। विद्यार्थीलाई परीक्षा दिनबाट वञ्चित गर्ने, गेटबाटै छर्ने नदिनेजस्ता कार्यले बाल अधिकार हनन भएको छ। विद्यालयलाई तत्काल कारबाही गरियोस्।

● **शाश्वत कर्माचार्य**
हरिहरभवन, ललितपुर

सकारात्मक लेख

'के खाएर बाँच्ने हो अब ?' शीर्षकमा प्रकाशित पुष्पराज श्रेष्ठको लेख पढियो। लेखमा उनले उठाएका विषय अत्यन्त जायज छन्। उनले भनेजस्तै अहिले बजारमा खानयोग्य विषादीरहित सामग्री पाउन कठिन हुँदै गएको छ। हाम्रा रैथाने जातका बिउविजन तथा कीटनाशक औषधि प्रयोग नगरिएका उत्पादन फेला पार्ने मुस्किल पर्न लागिसकेको छ। त्यसैले, विषादीरहित स्वच्छ र स्वस्थ खाद्यवस्तु आजको आवश्यकता हो। यसतर्फ जिम्मेवार निकायको ध्यान जाओस्।

● **गौरव राई**
कीर्तिपुर, काठमाडौं

देश कहिले बनाउने नेताज्यूहरू ?

हरेक नेपालीको एउटै प्रश्न छ- नेताज्यू, देश कहिले बनाउने ? हामीभन्दा पछि स्वतन्त्र आएका देश आज विकासको शिखरमा पुगेका छन्। हामी भने झनझन् गिर्दो अवस्थामा छौँ, किन ? देशको सम्पूर्ण कार्यभार नेतालाई सुम्पेका जनता पछिल्लो समय नेताकै कारण निराश छन्। खोइ त आफ्नो जिम्मेवारी पूरा गरेको ? जनताले प्रश्न गरिरहेका छन्। खाली परिवारवादमा रुमल्लिएर आफ्नो जिम्मेवारी भुल्न पाइँदैन। अरूले बिग्रेको देश बनाए। हाम्रा नेताहरूले चाहिँ बनेको देश बिगारे। कहिलेसम्म फोहोरी राजनीति खेलिरहने ? एकपटक विचार गर्नुहोस् त, तपाईंहरूले आजसम्म राष्ट्र र जनताका विषयमा एकछिन सोच्नुभएको छ ? तपाईंहरूको सोच एउटै मात्र छ, सरकार कसरी ढाल्ने, कसरी बनाउने र कसरी जोगाउने ? सरकार बनाउनैका लागि जस्तोसुकै हरकत गर्न पछि नपर्ने नेता पाल्न हामी नेपालीलाई हम्मेहम्मे भइसक्यो। अब पनि जनताले कहिलेसम्म तपाईंहरूलाई पाल्नुपर्ने हो ? हिजो राजामहाराजले सताएका थिए, अहिले तपाईंहरूले सताउनुभएको छ। देशको अवस्था एकपटक हेर्नुहोस्।

सुन तस्करीमा नेताकै संलग्नता। भ्रष्टाचारमा नेताकै संलग्नता अनि देशमा सुशासन कसरी आउँछ ? मिडियामा बोल्दा सारै चिल्ला कुरा गर्ने नेता मिडियाबाट बाहिरिनासाथ अर्कै रूपमा देखिन्छन्। जनताले कहिलेसम्म विश्वास गर्नु ? नेताज्यूहरू, तपाईंहरू मात्र बन्ने तर देश कहिल्यै नबन्ने अवस्था कहिले अन्त्य होला ? के यसको जवाफ छ तपाईंहरूसँग ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

भारतमा मुसलमानविरोधी नागरिकता कानुन

नागरिकता संशोधन ऐन (सिएए)को वास्तविक उद्देश्य भनेको एकदमै धुर्त्याइँसाथ मुसलमान वा इस्लामलाई तारो बनाउनु हो



देश / विदेश

● अपूर्वानन्द

सन् २०१९ मा पारित गरिएको नागरिकता संशोधन ऐन (सिएए)लाई लागू गर्ने घोषणासँगै भारतले बहुसंख्यकवादी राज्य बन्नेतर्फ पाइला सारेको छ। यो पाइला हिन्दु सर्वोच्चतावादी भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको भारत सरकारको साम्प्रदायिक भाँडभैलो मच्चाइराख्ने शृंखलाको अर्को कडी हो। यसले कानुनको उद्देश्यमाथि नै बहस उब्जाएको छ। यो कानुनलाई विभिन्न न्यायवेत्ता र अन्यले निश्चित समुदायमाथि विशेषतः मुसलमानमाथि विभेद गरेको भनेर आलोचना गरेका थिए। कानुनअनुसार पाकिस्तान, बंगलादेश र अफगानिस्तानबाट अवैध ढंगले भारत आएका हिन्दु, सिख, इसाई, जैन, बौद्ध र अन्य अल्पसंख्यकलाई भारतीय नागरिकता दिइनेछ। यो सूचीमा मुसलमान नहुनुले आक्रोश र साम्प्रदायिक तनाव निम्त्याएको छ। कानुनका अगाडि सबैलाई समान व्यवहार गर्नुपर्ने भारतीय संविधानको प्रावधानलाई उल्लंघन गर्दै सिएएले भारतीय नागरिकताको अवधारणालाई बदलेर यसलाई धर्मसँग जोडिदिएको छ। सिएए भारत जति हिन्दुको हो त्यति मुसलमानको होइन भन्ने भाजपाको विचारधाराकै रूप हो। सरकारअनुसार सिएए तीन मुलुकका ती मानिसका सहयोगका लागि हो, जो धार्मिक उत्पीडनमा परेका छन्। मुसलमान बाहुल्य राज्यमा मुसलमान धार्मिक रूपमा उत्पीडनमा पर्न नसक्ने परिकल्पना गरियो। आलोचकका अनुसार यदि तीन मुलुकका धार्मिक उत्पीडनमा परेकालाई मद्दत गर्नु थियो भने आ-आफ्ना मुलुकमा उत्पीडन झेलिरहेका हजारा र अहमदी मुसलमान समुदायको नाम सूचीमा छुट्ने थिएन। उदेकलाग्दो के छ भने, संशोधनले श्रीलंका, म्यान्मार, भुटानजस्ता मुलुकलाई छोडेर तीन मुलुकका आप्रवासीलाई सहयोग गर्नेछ। श्रीलंकाबाट राज्य उत्पीडनबाट लखेटिएर आएका कैयौँ तमिल हिन्दु दशकौँदेखि भारतमा राज्यको सुविधाविनै भौँतारिरहेका छन्। यसका पछाडिको कारण हो, भारतमा स्पष्ट शरणार्थीसम्बन्धी नीति छैन र त्यसैगरी भारत शरणार्थी अभिसन्धिको हस्ताक्षरकर्तासमेत होइन। तसर्थ, सरकारले छिमेकी मुलुकका उत्पीडनमा परेका मानिसका लागि सहानुभूति देखाएको कुरो खोक्रो सुनिन्छ। सिएएको वास्तविक उद्देश्य भनेको एकदमै धुर्त्याइँसाथ मुसलमान वा इस्लामलाई तारो बनाउनु हो र यसो गर्न धार्मिक आधारमा उत्पीडन हुने तीन मुसलमान बाहुल्य राज्यलाई छानिएको हो। उद्देश्य भनेकै जहाँ मुसलमान बाहुल्य छ, त्यहाँ अन्य समुदाय उत्पीडनमा पर्छन् भन्ने हिन्दुमाझ रहेको पूर्वाग्रहलाई बलियो बनाउनु हो। सरकार सिएएले अफगानिस्तान, बंगलादेश र पाकिस्तानमा भइरहेको गैरमुसलमानमाथिको उत्पीडनका कारणले बिग्रेको शान्तिपूर्ण धर्म इस्लामको छवि सुधार्न खोजेको दाबी गर्छ। सिएए कानुनको लिखित सरकारी उद्देश्यको भद्दा भाषाले घिनलाग्दो राजनीतिक वक्रोक्ति झल्काउँछ। सिएएको प्रतिरक्षा गर्ने क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीसहित अन्य भाजपा नेता सन् १९४७ मा पूरा नभएको प्रक्रियालाई पूरा गर्ने बताउँछन्। के होला त्यो प्रक्रिया ? यिनका अनुसार पाकिस्तानको सिर्जना भनेको जनसंख्याको पूर्ण स्थानान्तरण गर्न भएको थियो। अर्थात् सबै मुसलमानले 'उनीहरूका' लागि बनाइएको मुलुक पाकिस्तान जानुपर्ने र हिन्दु भारत जानुपर्ने हो। करोडौँ मुसलमान भारतमा रहे त्यस अवस्थामा भारतलाई हिन्दु प्राथमिक राज्य बनाउन मुसलमानलाई तल्लोस्तरमा राख्नुपर्ने हुन्छ। वैचारिक तवरमा सिएएले यही गर्छ। यो कानुनअनुसार मुसलमानले नागरिकता पाउँदैनन्, तर हिन्दुले पाउँछन्। यो कानुनलाई भाजपाको वैचारिक खाकाकै हिस्साका रूपमा लिइनुपर्छ जसअन्तर्गत धार्मिक स्वतन्त्रता कानुन, गौवधविरोधी कानुन र तीन-तलाक कानुन पर्छन्। यी



तस्बिर : महेश कुमार/एपी

कानुनले मुसलमानलाई यसरी जकडेको छ जुन हिन्दुले व्यहोर्नुपर्दैन। भारतमा मुसलमानको धर्म परिवर्तन हुन सक्छ र मुसलमानले धर्म परिवर्तन गराउन पाउँदैनन्। विनाप्रक्रिया श्रीमती छोड्ने मुसलमान थुनिन्छन्, तर हिन्दुलाई यो लागू हुँदैन। मुसलमान आफूले रोजेको खाद्य पदार्थको सेवन गर्न पाउँदैनन्, तर हिन्दुलाई बन्देज छैन। मुसलमान यो कानुनसँग त्रस्त पनि छन्। गृहमन्त्रीले सिएएलाई एकांगी रूपमा नभई नेसनल रजिस्ट्रेसन अफ सिटिजन्स (एनआरसी) प्रक्रियासँग जोडेर हेर्नुपर्ने बताएका थिए। एनआरसीको उद्देश्य तथाकथित 'बाहिरिया' र 'घुसपैठिया' छानेर देश निकाला गर्नु रहेको छ। उनले त्यसवेला एनआरसीलाई देशभर लागू गर्ने जनाएका थिए। लागू गर्ने क्रममा 'बाहिरिया' र 'घुसपैठिया' ठहरिएका हिन्दुले सिएएमार्फत पुनः नागरिकता पाउन सक्ने आश्वासन दिएका थिए। हालसम्म एनआरसी आसाममा लागू भएको छ। आसामी सर्वोच्चतावादीको तुष्टीकरणका लागि एनआरसी लागू गरिएको थियो, जसले गैरआसामीलाई धपाउने उद्देश्य राखेका थिए। यसक्रममा १९ लाखले एनआरसीमा ठाउँ पाएका थिएनन्। र, यसमा १५ लाख हिन्दु छन्। भाजपाले यी हिन्दुलाई भारतीय ठान्छ र सिएएको प्रयोगबाट भारतीय नागरिकता दिन चाहन्छ। तर, दस्तावेजयुक्त पहिचान नभएका मुसलमानका लागि भने हिन्दुझैँ सुविधा हुनेछैन। मुसलमानका लागि मुसलमान बाहुल्य राज्य छन्, तर हिन्दुका लागि त भारत मात्रै छ नि भन्ने सिएएका तर्फ पेस गरिने एक अनौपचारिक तर्क हो।

एनआरसीको मामिलालाई लिएर केहीले मुसलमानलाई नआत्तिन नसिहत पनि दिने गर्छन्। उनीहरू आसामबाहिर एनआरसी नहुने भएकाले मुसलमानले आत्तिनुनपर्ने बताउँछन्। तर, के गृहमन्त्रीले संसद्मा एनआरसी भारतभर लागू हुने भनी गरेको दाबीलाई हलुका रूपमा लिन सकिएला ? त्यसैगरी, सन् २०१४ अगाडि भारत प्रवेश गरेकालाई सिएएअन्तर्गत नागरिकता दिइनेछ। यस सन्दर्भमा के सन् २०१४ पछि पाकिस्तान, बंगलादेश र अफगानिस्तानमा धार्मिक उत्पीडन हुन् बन्द भएको मान्नुपर्ने हो ? यी प्रश्न तार्किक र वैधानिक छन्, तर हामीले यो कानुनको वैचारिक सन्देश बिर्सनुहुन्न, अर्थात् भारतमा दुई थरी कानुन छन् एक मुसलमानका लागि अर्को हिन्दुका लागि। र, हिन्दुसँग सदैव मुसलमानभन्दा बढी अधिकार छ।

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा हिन्दीको अध्यापन गर्छन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

■ रुसमा राष्ट्रपति निर्वाचन सम्पन्न

पुटिनको जित सुनिश्चित



आलोचकहरूलाई नजरबन्द, जेल वा कतिपयलाई हत्या गरिएको पृष्ठभूमिमा भएको निर्वाचनमा ७१ वर्षीय पुटिन पुनः निर्वाचित हुने प्रायः निश्चितजस्तै छ

रुसी राष्ट्रपति निर्वाचनअन्तर्गत अन्तिम चरणको मतदान सम्पन्न भएको छ । राष्ट्रपति भ्लादिमिर पुटिन पाँचौं कार्यकालका लागि निर्वाचित हुने तयारी गरिरहँदा आइतबार अन्तिम चरणको मतदान सम्पन्न भएको हो । मतदान सकिनु केही समयअघि निर्वाचनमा ६७.५४ प्रतिशत मत खसेको छ । यो अघिल्लो निर्वाचनमा खसेको मतभन्दा धेरै हो । सन् २०१८ को मतदानमा ६७.५ प्रतिशत मत खसेको थियो । उक्त चुनावमा उनले ७६ प्रतिशत मत पाएका थिए । आलोचकहरूलाई नजरबन्द, जेल वा कतिपयलाई हत्या गरिएको पृष्ठभूमिमा गरिएको निर्वाचनमा ७१ वर्षीय पुटिन पुनः निर्वाचित हुने प्रायः निश्चितजस्तै छ । प्रतिपक्षी दलका नेता अलेक्सी नभाल्नीको गत महिना एउटा जेलमा रहस्यमय ढंगले मृत्यु भएको थियो । उनको मृत्युमा पुटिनको हात रहेको उनका विरोधी र अमेरिकालगायत रुसविरोधी राष्ट्रहरूले दाबी गर्दै आएका छन् ।

आइतबार अवरोधको आह्वान गर्दै केही मानिस मतदान केन्द्रबाहिर लामो लाइन लागेका थिए । नभाल्नीकी विधवा युलिआ नभाल्नीको आह्वानमा सो अवरोध भएको थियो । बिबिसीका अनुसार मस्कोका मतदान केन्द्रहरूमा अचानक मानिसको लाइन देखिएको थियो । कुनै नाराबाजी र पर्चाबिने मानिसहरूले मौन विरोध प्रदर्शन गरेका थिए । प्रहरीले ५० जनालाई पक्राउ गरेको थियो ।

पुटिनले बिहीबार 'कठिन' समयमा हुन लागेको निर्वाचनमा सहभागी हुन रुसी जनतासँग अपिल गरेका थिए । 'हाम्रो मुलुक कठिन अवस्थाबाट गुज्रिरहेको छ । हामी करिब सबै क्षेत्रमा जटिल चुनौतीको सामना गरिरहेका छौं । यस कठिनाइ सफलतापूर्वक पार गर्न हामीले एकताबद्ध र आत्मविश्वासी बन्न जरुरी छ,' निर्वाचनको पूर्वसन्ध्यामा रुसी जनतालाई सम्बोधन गर्दै पुटिनले भनेका थिए ।निर्वाचनका पहिला दुई दिनमा मतदान केन्द्रमा तोडफोड भएका विवरण सार्वजनिक भएका थिए । दर्जनौं मानिसलाई थुनामा राखिएको छ । रुस-नियन्त्रित युक्रेनका जापोरिज्जिया, खेरसन, दोनेत्सक र लुहान्स्कमा पनि निर्वाचन भएको छ ।

सन् १९९९ मा पहिलोपटक प्रधानमन्त्री भएका पुटिन सन् २००० देखि २००८ सम्म राष्ट्रपति र फेरि सन् २००८ देखि २०१२ सम्म प्रधानमन्त्री बनेका थिए ।

एजेन्सीबाट

इतिहासमा आज

मार्च १८



सन् १९६५ : रुसी अन्तरिक्षयात्री एलेक्सेई लियोनोभ अन्तरिक्षमा हिँड्ने पहिलो व्यक्ति बने । १२ मिनेटसम्म चलेको स्पेसवाकको क्रममा लियोनोभले आफ्नो अन्तरिक्षयान भोसखोड-२ बाट १० मिटरसम्मको यात्रा गरे ।

सन् १९६२ : अल्जेरियन युद्धको अन्त्य गर्दै इभियन सम्झौतामा हस्ताक्षर । सम्झौतासँगै अल्जेरियाले फ्रान्सबाट आफ्नो स्वतन्त्रता प्राप्त गऱ्यो ।

सन् १९७४ : ओपेकका सात सदस्य राष्ट्रहरूले अमेरिकामाथि लाग्दै आएको पाँच महिनादेखि तेलमाथि लगाउँदै आएको प्रतिबन्ध फुकुवा गरे ।

सन् १९८१ : सन् १९६६ मा टेक्सासमा जैविक हतियार परीक्षण गरेको अमेरिकी खुलासा ।

सन् १९९० : पूर्वी जर्मनीले आफ्नो पहिलो र एक मात्र स्वतन्त्र संसदीय चुनाव सम्पन्न गऱ्यो । सन् १९८९ मा जर्मन लोकतान्त्रिक गणतन्त्रको विघटन र १९९० मा जर्मन पुनर्एकीकरणको बीचमा निर्वाचन सम्पन्न भएको थियो ।

कांग्रेसको 'जनन्याय पदयात्रा'को औपचारिक समापन

नयाँदिल्ली / विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसले राजनीतिक जागरणका लागि आयोजना गरेको 'जनन्याय पदयात्रा' आइतबार मुम्बईको क्रान्ति मैदानमा पुगी समापन भएको छ । यससँगै अभियानको यो चरणको सबै कार्यक्रम सकिएको छ ।

आइतबार आयोजित पदयात्रामा केन्द्रीय नेता राहुल गान्धी, पार्टीका महासचिव प्रियंका गान्धी वाड्रा र अभिनेत्री स्वरा भास्करले सहभागिता जनाएका थिए । पदयात्रालाई गान्धी स्मारक स्तम्भमा पुगेर पुष्प अर्पण गरी राहुलले जनन्याय यात्राको औपचारिक समापन गरेका थिए । महासचिव वाड्राले जनतालाई राष्ट्रको वास्तविक अवस्था जानकारी गराउन 'भारत जोडो न्याय यात्रा'को आयोजना गरिएको बताइन् । उनले ६ हजार सात सय किलोमिटर यात्रा गर्दै अभियान शनिबार मुम्बईमा पुगेको बताइन् ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१२/०५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : सुन्धारा, काठमाण्डौ

ऋणीको विवरण

टाउके धिमालको नाति, अम्बुलाल धिमालको छोरा, मोरङ्ग जिल्ला, उर्लावारी गा.वि.स/न.पा. वडा नं.१ स्थित स्थायी ठेगाना भएको **कृष्ण बहादुर धिमाल (ना.प्र.प.नं. ६८३/६३५, मोरङ्ग)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. अम्बुलाल धिमालको बुहारी, कृष्ण बहादुर धिमालको श्रीमती, मोरङ्ग जिल्ला, उर्लावारी गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **रोष्मा धिमाल (ना.प्र.प.नं. ०५२००६/१०४६, मोरङ्ग)**

२. साधुराम आले मगरको नाति हरि बहादुर आले मगरको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३०, स्थित स्थायी ठेगाना भएको **अरविन्द आले मगर (ना.प्र.प.नं. ७७०, काठमाण्डौ)**

शाखा कार्यालय : पोखरा, कास्की

ऋणीको विवरण

कुम्भ बहादुर मल्ल ठकुरीको नाति, लक्ष्मी बहादुर मल्ल ठकुरीको छोरा पर्वत जिल्ला, खुर्कोट गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **कृष्ण बहादुर मल्ल ठकुरी (ना.प्र.प.नं. ६९, पर्वत)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. लक्ष्मी बहादुर मल्ल ठकुरीको नाति, कृष्ण बहादुर मल्ल ठकुरीको छोरा पर्वत जिल्ला, खुर्कोट गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **गणेश बहादुर मल्ल (ना.प्र.प.नं. १७३६१, पर्वत)**

२. लक्ष्मी बहादुर मल्ल ठकुरीको बुहारी, कृष्ण बहादुर मल्ल ठकुरीको पत्नी, पर्वत जिल्ला, खुर्कोट गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **चन्द्र देवी मल्ल ठकुरी (ना.प्र.प.नं. ७८९६, पर्वत)**

शाखा कार्यालय : कोहलपुर, बाँके

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगञ्ज, बाँकेमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०७७/०६/११ मा दर्ता नं. ३२७२२०/०७७/०७८ स्थानिय व्यापार कायम भई दर्ता भएको बाँके जिल्ला, खजुरा गाउँपालिका वडा नं. २, गौरी नगर स्थित **आर आर जनरल पसल** **प्रोप्राइटर: सावित्री मल्ल**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कृष्ण बहादुर मल्लको बुहारी, तारेन्द्र मल्लको पत्नी, बाँके जिल्ला, सितापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **सावित्री मल्ल (ना.प्र.प.नं. ७२९७, बाँके)**

२. कृष्ण बहादुर मल्लको नातिनी, तारेन्द्र मल्लको छोरी, बाँके जिल्ला, खजुरा गा.पा/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रोशनी मल्ल (ना.प्र.प.नं. ६६-०१-७५-०१८२७, बाँके)**

शाखा कार्यालय : विर्तामोड, झापा

ऋणीको विवरण

विरध्वज सिंह बुढाथोकीको नाति, दिल बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **मदन बहादुर बुढाथोकी (ना.प्र.प.नं. ६२७१२२७४, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दिल बहादुर बुढाथोकीको बुहारी, मदन बहादुर बुढाथोकी पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **तुलसा बुढाथोकी (ना.प्र.प.नं. ६२७११८७७, झापा)**

२. छत्र सिंह बुढाथोकीको नाति, डिल्ली बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, दमक गा.वि.स./न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **हेमन्त बुढाथोकी (ना.प्र.प.नं. २३१११६०२३, झापा)**

३. डिल्ली बहादुर बुढाथोकीको बुहारी, हेमन्त बुढाथोकीको पत्नी, मोरङ्ग जिल्ला, केरौन गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गिता कार्की (ना.प्र.प.नं. ४५५२४, मोरङ्ग)**

४. मधुसुदन घिमिरेको नाति, तारा प्रसाद घिमिरेको छोरा, झापा जिल्ला, शान्तिनगर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **दुर्गाप्रसाद घिमिरे (ना.प्र.प.नं. ०४३००२/८३ झापा)**

५. तारा प्रसाद घिमिरेको बुहारी, दुर्गाप्रसाद घिमिरेको पत्नी, इलाम जिल्ला, शान्तीडाँडा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **बिन्दा खतिवडा (ना.प्र.प.नं. ०३-०१-०१३/९४९२७, इलाम)**

६. दिल बहादुर बुढाथोकीको नाति, मदन बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **अबिनम सिं बुढाथोकी (ना.प्र.प.नं. ०४-०१-७०-१२९८६, झापा)**

७. मदन बहादुर बुढाथोकीको बुहारी, अबिनम सिं बुढाथोकीको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **रचना सिलवाल (ना.प्र.प.नं. ०४-०१-७४-०५०८१, झापा)**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-००७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी ५५ (पन्द्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	प्रदेश सरकार, (प्रदेश नं. २), उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा उद्योग दर्ता नं. ८९८७/४८४/२२६/४७ कठहरीया न.पा. अन्तर्गत मिति २०७७/०७/१२ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, कठहरिया न.पा. वडा नं. ६ स्थित **लक्ष्मी माता पशु फार्म** **प्रोप्राईटर तथा जमानीकर्ता: उमेश कुमार कुशवाहा**	१) दिपा महतो कोईरीको नाती, परदेशी महतो कोईरीको छोरा, रौतहट जिल्ला, वडाही गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कठहरिया न.पा. वडा नं. ६ बस्ने उमेश कुमार कुशवाहाको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, वडाही गा.वि.स. वडा नं. ६/क (हाल कठहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ९५२ को क्षेत्रफल ०-७-०-६ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) लक्ष्मी माता पशु फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) उमेश कुमार कुशवाहा स्थायी ठेगाना : रौतहट जिल्ला, वडाही गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, कठहरिया न.पा. वडा नं. ६ बाबु : परदेशी महतो कोईरी बाजे : दिपा महतो कोईरी	**२) जासोधा कुमारी** ठेगाना : रौतहट जिल्ला, कठहरिया न.पा. वडा नं. ६ बाबु : जोगिन्दर महतो कोईरी ससुरा : परदेशी महतो कोईरी पति : उमेश कुमार कुशवाहा
२)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १०००६/८२६ स्थानिय अन्तर्गत मिति २०७७/०८/१६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, संग्रामपुर गा.वि.स. वडा नं. ३ (हाल गढीमाई न.पा. वडा नं. ४) स्थित **आर.एन. ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : रुवी कुमारी यादव**	१) फगुनी रायकी छोरी, सवाई राय यादवकी बुहारी, वैद्यनाथ रायकी पत्नी, सर्लाही जिल्ला, बेलही गा.प. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ बस्ने सीता देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. २८७ र २८६ को क्षेत्रफल क्रमश: ०-३-१० र ०-३-१० (विगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) आर.एन. ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) रुवी कुमारी यादव स्थायी ठेगाना : सर्लाही जिल्ला, चक्रघट्टा गा.पा. वडा नं. २ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ बाबु : धनई राय यादव ससुरा : वैद्यनाथ राय पति : विजय कुमार यादव	**२) सीता देवी** स्थायी ठेगाना : सर्लाही जिल्ला, बेलही गा.प. वडा नं. २ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ बाबु : फगुनी राय ससुरा : सवाई राय पति : वैद्यनाथ राय
	३) वैद्यनाथ राय स्थायी ठेगाना : सर्लाही जिल्ला, वेलही गा.वि.स. वडा नं. २ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ बाबु : सवाई राय बाजे : रामवली राय	**४) विजय कुमार यादव** स्थायी ठेगाना : सर्लाही जिल्ला, बेलही गा.वि.स. वडा नं. २ हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ बाबु : वैद्यनाथ राय बाजे : सवाई राय
३)	**मिना देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ३ बाबु : हरी राउत कुर्मी ससुरा : शंकर राउत कुर्मी पति : ऐन कुमार राउत	**ऐन कुमार राउत** ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ४ बाबु : शंकर राउत बाजे : पुनीत राउत
	धितोको विवरण	
	हरी राउत कुर्मीकी छोरी, शंकर राउत कुर्मीकी बुहारी, ऐन कुमार राउतकी पत्नी, रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ३ बस्ने मिना देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ (हाल वृन्दावन न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७८८ को क्षेत्रफल ०-८-१३$^{३/४}$ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
४)	**सचिन्द्र प्रसाद यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, पिप्रापोखरिया गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रौतहट जिल्ला, कठहरिया न.पा. वडा नं. ८ बाबु : दरोगा राय यादव बाजे : भुटा राय यादव	दुखा राय यादवको नाती, भुटा राय यादवको छोरा, रौतहट जिल्ला, पिप्रा पोखरिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कठहरिया न.पा. वडा नं. ८ बस्ने दरोगा रायको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, हथियाही गा.वि.स. वडा नं. ७/क (हाल कठहरिया न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६८१ को क्षेत्रफल ०-४-२ (विगाह) को जग्गा र रौतहट जिल्ला, हथियाही गा.वि.स. वडा नं. ७/ख (हाल कठहरिया न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५३ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) माया कुमारी यादव ठेगाना : रौतहट जिल्ला, पिप्रा पोखरिया गा.वि.स. वडा नं. ३ बाबु : रामशरण राय यादव ससुरा : दरोगा राय यादव पति : सचिन्द्र प्रसाद यादव	**२) संझावा** ठेगाना : रौतहट जिल्ला, पि.पोखरिया गा.वि.स. वडा नं. ३ ससुरा : भुटा राय यादव पति : दरोगा राय यादव	**३) दरोगा राय** स्थायी ठेगाना : रौतहट जिल्ला, पिप्रा पोखरिया गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रौतहट जिल्ला, कठहरिया न.पा. वडा नं. ८ बाबु : भुटा राय यादव बाजे : दुखा राय यादव

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सोविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

एक घण्टाभित्र श्रम स्वीकृति दिन श्रममन्त्रीको निर्देशन

काठमाडौं/ श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले एक घण्टाभित्र श्रम स्वीकृति दिने गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) सुधार गर्न निर्देशन दिएका छन् ।

आइतबार फेमिस प्रणाली आपूर्तिकर्ता, मन्त्रालयको सूचना प्रविधि शाखा र सूचना प्रविधि परामर्शदातासँग छलफल गर्दै मन्त्री अर्यालले आगामी शुक्रबारदेखि एक घण्टाभित्र श्रम स्वीकृति दिन सकिने गरी प्रणाली सुधार गर्न निर्देशन दिएका हुन् ।

वैदेशिक रोजगारीको काम-कारबाहीलाई प्रविधिमैत्री बनाउन वैदेशिक रोजगार विभागले फेमिस प्रणाली प्रयोगमा ल्याएको हो । तर, प्रणालीमा आउने समस्याका कारण श्रमिकले समयमा नै श्रम स्वीकृति नपाउँदा थप आर्थिक भार खेप्नुपरेको छ ।

पोखरा बन्यो पर्यटकीय राजधानी

अब चौबिसै घण्टा खुला, आगामी पाँच वर्षमा एक खर्ब लगानी थपिने विश्वास

पोखरामा **रोहित पराजुली**
काठमाडौंमा **नवीन अर्याल**/नयाँ पत्रिका

सरकारले पोखरालाई देशकै पर्यटकीय राजधानी घोषणा गरेको छ । आइतबार एक समारोहबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पोखरालाई औपचारिक रूपमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेका हुन् । 'प्राकृतिक, सांस्कृतिक तथा साहसिक क्षेत्रको अद्वितीय संगम पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गर्छु,' प्रधानमन्त्री प्रचण्डले भने, 'पर्यटकीय राजधानी घोषणा भएपछि पोखरा मात्र नभएर सिंगो गण्डकी प्रदेशकै पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान हुनेछ ।'

गण्डकी प्रदेश सरकारको २९ कात्तिक ०७८ मा बसेको बैठकले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न केन्द्र सरकारलाई पत्राचार गरेको थियो । त्यस्तै, पोखरा महानगरपालिकाको २६ जेठ ०७९ मा बसेको कार्यपालिका बैठकले पनि पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न माग गर्दै केन्द्र सरकारलाई पत्राचार गऱ्यो । १० मंसिर ०८० मा गण्डकी प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाको संयोजकत्वमा ११ सदस्यीय विज्ञ सम्मिलित पर्यटकीय राजधानी घोषणा अध्ययन समिति गठन गरेको थियो । सोही समितिको प्रतिवेदनपछि २३ फागुनमा बसेको गण्डकी प्रदेश सरकारको बैठकले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने निर्णय गरेको थियो ।

ढिलो भए पनि पर्यटकीय राजधानी घोषणा भएपछि पोखराका पर्यटन व्यवसायी उत्साहित भएका छन् । 'पर्यटकीय राजधानी घोषणा गर्दा यसले दीर्घकालमा ठूलो फाइदा हुन्छ, माहोल पनि सिर्जना गर्छ,' वाराही ग्रुपका प्रबन्ध निर्देशक विप्लव पौडेलले भने, 'अब तीन तहकै सरकार पोखरा र आसपासमा पर्यटकीय प्रडक्ट र पूर्वाधार विकासमा केन्द्रित हुनेछन्, यसले पर्यटन प्रवर्द्धनमा सहयोग नै पुग्छ ।'

वाराही चोकमा आयोजित घोषणासभामा प्रधानमन्त्री प्रचण्डले पर्यटनको राजधानी पोखरालाई विश्वकै विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सबैले भूमिका खेल्न आग्रह गरे । उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान गराउने संकल्प गरेका छन् । उनले भने, 'पोखरामा अन्तर्राष्ट्रिय उडानका लागि सम्बद्ध पक्षसँग सरकारले आवश्यक पहल तथा समन्वय गरिरहेको छ ।'

व्यवसायको प्रकृतिअनुसार चौबिसै घण्टा पनि खुला गर्न दिने निर्णय कास्की जिल्ला सुरक्षा समितिले गरेको छ । किराना, खाना, खाजा, पान पसललगायत राति एक बजेसम्म र डान्सबार, दोहोरी, पब, डिस्कोलगायतलाई चौबिसै घण्टा खुल्न दिने भएको हो । पहिलो चरणमा ड्यामसाइड हुँदै लेकसाइड क्षेत्र, चिप्लेढुंगा, महेन्द्रपुल, पृथ्वीचोक, नागढुंगा, मुस्ताङचोक, बिरौटा, राष्ट्र बैंक चोक, ड्याम साइडलगायत स्थानहरू चौबिसै घण्टा खुला राख्ने निर्णय भएको छ ।

■ पर्यटकीय प्रडक्ट र पूर्वाधार विकासमा जोड

पर्यटकीय राजधानी घोषणा अध्ययन समितिले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा गरिनुपर्ने पर्यटकीय प्रडक्ट विकास र पूर्वाधार निर्माणलाई छुट्याएर काम गर्न सुझाव दिएको छ । नयाँ पर्यटकीय प्रडक्ट विकास, पुराना प्रडक्टको ब्रान्डिङ र पर्यटन पूर्वाधार निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिने पोखरा महानगरका मेयर धनराज आचार्यले बताए । 'हामी योजनाबद्ध ढंगले अगाडि बढ्छौं, तीन तहकै सरकार, व्यवसायी र स्थानीयहरू सहकार्य गरेर पर्यटन



पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेपछि नाचेर खुसी मनाउँदै प्रधानमन्त्री पुष्पकमल दाहाल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पूर्वमुख्यमन्त्री खगराज अधिकारी, प्रदेश सभामुख कृष्ण धिताल, पोखरा महानगरका मेयर धनराज आचार्यलगायत ।

● **पुष्पकमल दाहाल 'प्रचण्ड'**, प्रधानमन्त्री



प्राकृतिक, सांस्कृतिक तथा साहसिक क्षेत्रको अद्वितीय संगम पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गर्छु, पर्यटकीय राजधानी घोषणा भएपछि पोखरा मात्र नभएर सिंगो गण्डकी प्रदेशकै पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान हुनेछ ।

विकासमा अगाडि बढ्नेछौं,' उनले भने, 'सहर चौबिसै घण्टा खुला गर्ने निर्णय भइसकेको छ, यसले पर्यटन गतिविधि बढाउनेछ, हामीले नयाँ पर्यटकीय प्रडक्ट विकास गरेर पर्यटकको बसाइ लम्ब्याउनेछौं ।'

बेगनास तालमा वाटर स्पोर्टस्लाई प्राथमिकता दिइने भएको छ । बेगनासमा १६ वटा विभिन्न वाटर गेमहरू सञ्चालन

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit एकीकृत रेमिट

हुने मेयर आचार्यले बताए । पब्लिक, प्राइभेट, पार्टनरसिप (पिपिपी) मोडलमा सञ्चालन गरिने वाटर गेममा करिब एक अर्ब लगानी हुने उनको भनाइ छ । वाटर स्पोर्टस् सञ्चालनका लागि अध्ययनसमेत भइसकेको उनको भनाइ छ ।

पोखरा मुक्ति क्षेत्रको प्रवेशद्वार हो । सबै प्रकारका पर्यटनको माध्यमबाट पोखराआसपासमा समेत समृद्धिको ढोका खोलिने मेयर आचार्यको भनाइ छ । 'पोखरालाई साँच्चिकै पर्यटकीय सहर बनाउँछौं, सिंगो गण्डकी प्रदेश नै पर्यटनको हब बन्नेछ र पर्यटनबाटै समृद्धि हासिल हुनेछ,' उनले भने, 'हामी पूर्ण कार्ययोजनासहित अगाडि बढेका छौं ।'

अहिले भइरहेको आन्तरिक विमानस्थललाई सुन्दरपार्कमा विकास गर्न गृहकार्य भइरहेको छ । फेवातालको दक्षिणतर्फ रहेको रानीवनमा अर्गानिक ट्रेक रुट सुरु गरिएको छ । 'पहिलेको पोखरा' थिममा पुरानो बस्ती र संस्कृति संरक्षण गरेर आकर्षक गन्तव्य बनाइने मेयर आचार्यले बताए । पुरानो बजार रामकृष्ण टोलमा पुराना घरहरू जस्ताको तस्तै संरक्षण गरेर हेरिटेज साइटका रूपमा विकास गरिने उनको भनाइ छ । महानगर र प्रदेश सरकारले संयुक्त रूपमा पोखरालाई मेडिटेसन र चलचित्र छायांकनको हब बनाउने कमिटमेन्ट गरेका छन् । यस्तै, धार्मिक र खेलकुल पर्यटनलाई पनि उत्तिकै प्राथमिक दिइने भएको छ ।

■ पाँच वर्षमा एक खर्ब लगानी गर्ने लक्ष्य

पर्यटकीय राजधानी घोषणा भएसँगै पोखरासहित सिंगो गण्डकी प्रदेशमा सरकार, निजी क्षेत्र र दातृ निकायको गरी करिब एक खर्ब रुपैयाँ लगानी थपिने मेयर आचार्यको अनुमान छ । 'पाँच वर्षमा हाम्रो २० अर्ब लगानी गर्ने सोच छ, केन्द्र सरकार, गण्डकी प्रदेश सरकारको पनि लगानी हुनेछ,' उनले भने, 'निजी क्षेत्रको समेत लगानी जोड्दा पाँच वर्षमा एक खर्ब लगानी हुनेछ ।' यसै वर्ष महानगरले एडिबीको सहयोगमा साढे सात अर्बको पर्यटन क्षेत्रसँग सम्बन्धित पूर्वाधार विकासको काम सुरु गरिसकेको उनले बताए । जसअन्तर्गत एयरपोर्टदेखि लेकसाइडसम्म पुग्ने फास्ट ट्र्याक, बोटानिकल गार्डेन, डा. केआई सिङ पुलनिर दृश्यावलोकन गर्ने ठाउँ, सबै ताल जोड्ने साइकल लेन निर्माणलगायत १५ वटा विभिन्न परयोजना अगाडि बढेको उनको भनाइ छ । अहिले महानगरपालिकाले पोखरा सहरका सभागृहदेखि विभिन्न संरचनाहरूको रेनोभेसनमा २९ करोड रुपैयाँ खर्च गरिरहेको छ ।

■ पोखरामा कति छन् होटेल ?

पछिल्लो समय पोखरा उपत्यकासहित वरिपरिका डाँडाकाँडामा होटेल तथा रिसोर्ट खुल्ने क्रम बढ्दो छ । अहिले पोखरामा दुईवटा पाँचतारे, सातवटा चारतारेसहित पर्यटन स्तरका १२ सय होटेल तथा लज छन् । जसमा ४० हजार बेड संख्या रहेको अध्ययन समितिको प्रतिवेदनमा उल्लेख छ । गण्डकी प्रदेशभित्र तीन सय ५० भन्दा बढी होमस्टे र पोखरामा तीन सयभन्दा बढी रेस्टुरेन्ट छन् । ७४ वटा प्यारग्लाइडिङ र तीनवटा अल्ट्रालाइट कम्पनी छन् । यी होटेल तथा लजमा दुई खर्बभन्दा बढी लगानी भएको वाराही ग्रुपका प्रबन्ध निर्देशक पौडेलको भनाइ छ । उनी आफैं पोखराको सेदीमा पाँचतारे 'सेदी लक्जरी' निर्माण गरिरहेका छन्, जहाँ करिब ६ अर्ब लगानी हुने अनुमान गरिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८०/१२/०५

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कुपण्डोल, ललितपुरबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.स. २०८०/०७/१४ गते नेपाल समाचारपत्र दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतिस) दिने सार्वजनिक सुचना, मिति वि.स. २०८०/०९/१६ गते नेपाल समाचारपत्र दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना, मिति वि.स. २०८०/११/१५ गते अभियान दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय देवीघाट (नुवाकोट)मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स मौगेज लोन - अधिविकर्ष कर्जा

ऋणीको नाम र ठेगाना

नाम	: तुल प्रसाद लामिछाने
बाबु	: मोद नाथ लामिछाने
बाजे	: हेमनिधि लामिछाने
ठेगाना	: रातमाटे-२, नुवाकोट
हाल	: बेलकोटगढी न.पा -७, नुवाकोट
ना.प्र.नं.	: ६८३३४
जारी मिति	: २०५९/०२/१५
जि.प्र.का.	: नुवाकोट

जमानीकर्ताहरुको नाम र ठेगाना:

१. नाम	: स्वस्तिका लामिछाने
बाबु	: तुल प्रसाद लामिछाने
बाजे	: मोद नाथ लामिछाने
ठेगाना	: बेलकोटगढी-७, नुवाकोट
हाल	: बेलकोटगढी न.पा -७, नुवाकोट
ना.प्र.नं.	: २५-०१-७९-००३१४
जारी मिति	: २०७९/०१/१५
जि.प्र.का.	: नुवाकोट

२. नाम	: शारदा लामिछाने
बाबु	: युवराज पौड्याल
ससुरा	: मोद नाथ लामिछाने
ठेगाना	: रातमाटे-२, नुवाकोट
हाल	: बेलकोटगढी न.पा-७, नुवाकोट
ना.प्र.नं.	: २५३०४६/३१६
जारी मिति	: २०६३/११/०९
जि.प्र.का.	: नुवाकोट

३. नाम	: संगिता लामिछाने
बाबु	: तुल प्रसाद लामिछाने
बाजे	: मोद नाथ लामिछाने
ठेगाना	: बेलकोटगढी-७, नुवाकोट
हाल	: बेलकोटगढी न.पा -७, नुवाकोट
ना.प्र.नं.	: २५-०१-७४-०१६११
जारी मिति	: २०७४/०३/१४
जि.प्र.का.	: नुवाकोट

धितो राखिएको सम्पत्तिको विवरण:

धितो सुरक्षण धनीको नाम:- तुल प्रसाद लामीछाने

जिल्ला	न.पा./गा.पा.	वडा नं/ नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (रोपनी/ब.मी.)	कैफियत
नुवाकोट	रातमाटे	१/१	२३२७	२-७-२-१	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
				१२५७.९०	
नुवाकोट	रातमाटे	१/१	११३६	१-१५-०-०	
				९८५.६८	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय कुपण्डोल, ललितपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८०/१२/१३ गते, मंगलबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, देवीघाट (नुवाकोट) ।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा, गण्डकी प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/०५ गते

यस कार्यालयअन्तर्गत सञ्चालन हुने "Construction of Cold Store at Palungtar–4, Gorkha, PMUN/NCB/WORKS/2080/81– 11" कार्यका लागि मिति २०८०/१०/११ गतेको राष्ट्रिय दैनिकमा प्रकाशन भएको बोलपत्र सूचनाअनुसार रितपूर्वकको समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्रदाता सारभूत रूपमा प्रभावकारी भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम २०८०/१२/१२ गते दिउँसो १:०० बजे, पालुङटार नगरपालिका कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकाले सरोकारवाला सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

क्र.स	ठेक्का न	योजनाको नाम	बोलपत्रदाताको नाम, ठेगाना	कैफियत
1.	PMUN/NCB/	Construction of Cold	M/S J.P Engineering and Construction Pvt.Ltd, Chandragiri-10, Kathmandu	
2.	WORKS/	Store at Palungtar-4,	M/S Buildcon Design and Developers Pvt.Ltd, Bharatpur-09, Chitwan	
3.	2080/81-11	Gorkha	M/S Dhachha/Aama JV, Kathmandu	

प्रमुख प्रशासकीय अधिकृत

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मिति : २०८०/१२/०५ गते

यस बैंकको तपशिलका कार्यालयहरूबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन, नियमबमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँछौं । साथै तपशिलबमोजिमका व्यक्ति/फर्म/ कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

सम्बन्धित कार्यालय : शाखा नयाँ वानेश्वर

क्र.सं.	कर्जाग्राहीको नाम	ठेगाना	बाबुको नाम	वाजेको नाम	उद्देश्य	साँवा	२०८० फागुन मसान्तसम्मको ब्याज	जम्मा	धितो मञ्जुरीनामा दिने/ जमानत दिनेको नाम
१.	राधे राधे निर्माण सेवा (प्रो. रेखा साह)	का.म.न.पा ३४, सुविधानगर, काठमाडौं	जितेन्द्र कुमार साह	शिव ध्यान साह	ओ डी /आवधिक कर्जा	३१,५३,७७५	१,४२,७१३	३२,९६,४८८	
२.	महेश श्रेष्ठ	का.म.न.पा १५, छाउनी, काठमाडौं	चन्द्र बहादुर श्रेष्ठ	बिष्णु बहादुर श्रेष्ठ	शेयर कर्जा	५,००,००,०००	४१,६९,२११	५,४१,६९,२११	मन्दिरा श्रेष्ठ
३.	एस के एस इन्टरप्राइजेज (प्रो. सविन नेपाली)	का.म.न.पा १५, चमती, काठमाडौं	एक बहादुर दर्जी	शान्त बहादुर दर्जी	सहुलियतपूर्ण कर्जा	७,३८,५७३	७५३३	७,४६,१०६	सविन नेपाली
४.	आदेश आदित्य किराना पसल (प्रो. मुना थामी कार्की)	का.म.न.पा.०६, कुमारीगाल, काठमाडौं	सुभाष कुमार कार्की	चक्र बहादुर कार्की	महिला उद्यमशील कर्जा	८,५०,०००	९०,१०१	९,४०,१०१	सुभाष कुमार कार्की
५.	सविना खाजा घर (प्रो. ढक कुमारी सुनुवार)	का.म.न.पा १०, नयाँवानेश्वर, काठमाडौं	दल बहादुर सुनुवार	डम्वर बहादुर सुनुवार	महिला उद्यमशील कर्जा	८,४२,१०५	१,८६,८७१	१०,२८,९७६	दल बहादुर सुनुवार, सरोज कुमार सुनुवार
६	गोदावरी बहुउद्देश्य कृषि तथा पशुपंक्षी फार्म (प्रो.बमबहादुर बि.सी.)	गोदावरी वडा नं. १, ललितपुर	जंग बहादुर /बमबहादुर बि.सी.	नयराम वुढा	सहुलियत कृषि कर्जा	८,३३,३३३	१,५८,३९०	९९१७२३	बम बहादुर बि.सी.

सम्बन्धित कार्यालय : शाखा कलंकी

क्र.सं.	कर्जाग्राहीको नाम	ठेगाना	बाबुको नाम	बाजे/पतिको नाम	उद्देश्य	साँवा	२०८० फागुन मसान्तसम्मको ब्याज	जमा	धितो मञ्जुरीनामा दिने/जमानत दिनेको नाम
१.	विष्णु कुमारी गैरे	का.म.न.पा. १४	भिमदेव तिमल्सिना	मिन प्रसाद गैरे	घर खरिद	१,३०,००,०००	१७,८९२,५०	१,४७,८९,२५०	मिन प्रसाद गैरे, दिपक गैरे, निर्मल गैरे

सम्बन्धित कार्यालय : शाखा मैतीदेवी

क्र.सं.	कर्जाग्राहीको नाम	ठेगाना	बाबुको नाम	वाजे/पतिको नाम	उद्देश्य	साँवा	२०८० फागुन मसान्तसम्मको ब्याज	जम्मा	धितो मञ्जुरीनामा दिने/जमानत दिनेको नाम
१.	धन सिंह लामा	जोरपाटी ०३, काठमाडौं	अमर सिंह लामा	पूर्ण सिंह लामा	आवास/ओ डी/मोर्टगेज	१,८२,१७,१६५	२४,६५,५००	२,०६,८२,६६५	दामारानी तमाङ, अमर सिंह लामा, सुधिर लामा, धर्मेश लामा

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौं

कोकाकोलाले नेपालमा गरेको 'द लार्जेस्ट मोमो पार्टी'ले बनायो गिनिज वर्ल्ड रेकर्ड

काठमाडौं/ कोकाकोलाले नेपालमा आयोजना गरेको कार्यक्रमले गिनिज वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल भएको छ। कम्पनीले आयोजना गरेको 'द लार्जेस्ट मोमो पार्टी'ले गिनिज वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल भएको हो।

'काठमाडौं इज कुकिङ'को दोस्रो संस्करणको एउटा भागका रूपमा काठमाडौंको हायात रेजेन्सी ग्राउन्डमा आयोजना गरिएको 'द लार्जेस्ट मोमो पार्टी'ले नयाँ गिनिज वर्ल्ड रेकर्ड कायम गरेर अविस्मरणीय अनुभव सिर्जना गरी कोकाकोलाले इतिहास रचेको कम्पनीले जनाएको छ। कार्यक्रममा पाँच सयभन्दा बढी उत्साही सहभागीलाई दुई सय ५० एमएल कोकको बोतलसहित दुईवटा मोमो खान दिएको कोकाकोलाले जनाएको छ। लगभग १५ मिनेट चलेको कार्यक्रममा सहभागीहरूले कोकाकोलासँगै मोमोको स्वाद लिएको जनाइएको छ।

कार्यक्रमपछि कोकाकोला नेपालकी कन्ट्री डाइरेक्टर चन्द्रिका कालियाले कोकाकोला र मोमो नेपालीलाई साँच्चै नै मन पर्छ भन्ने वास्तविकताकाको साक्षी यो उपलब्धि बनेको बताइन्। उनले भनिन्, 'परिकारहरूको यो उत्सव नेपाली संस्कृतिको जीवन्तताको प्रमाण हो। हामी नेपाली समुदायमा उत्सव र



आनन्दको अविस्मरणीय अनुभवहरू सिर्जना गर्न पाउँदा गर्व गर्दछौं।'

कोकाकोलाले नेपालमा कोक र स्थानीय परिकारको अवधारणालाई आत्मसात् गर्न लगातार नौ वर्षदेखि मोमो उत्सव अभियान आयोजना गर्दै आएको जनाएको छ। नेपालमा कोक र मोमोबीचको सम्बन्ध खानाको प्राथमिकताभन्दा बाहिर फैलिएको र यो नेपाली समाजमा गहिरो रूपमा निहित संस्कृतिको रूपमा विकसित भएको कम्पनीको दाबी छ।

नेपालमा आफ्नो ५० वर्ष मनाउँदै गर्दा गिनिज वर्ल्ड रेकर्ड उपाधिले कोकाकोलाको सांस्कृतिक एकता र मनोरञ्जन प्रदान गर्ने आफ्नो विरासतलाई कायम गरेको कम्पनीको भनाइ छ। साथै, नेपालको जीवन्त सामुदायिक भावना र समृद्ध सम्पदाको उत्थान गर्न प्रतिबद्ध रहेको कम्पनीले जनाएको छ।

स्वावलम्बन लघुवित्तको वित्तीय साक्षरता तथा अन्तर्क्रिया



काठमाडौं/ स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले आफ्ना सदस्यलाई वित्तीय साक्षरता तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ। संस्थाको साँखु शाखा कार्यालयले कार्यक्रम गरेको हो।

दुई दिनसम्म सञ्चालन भएको कार्यक्रम विशेषतः ग्राहक सदस्यका लागि वित्तीय सचेतना तथा उनीहरूसँग समसामयिक विषयक अन्तर्क्रियामा केन्द्रित रहेको जनाइएको छ। कार्यक्रमका वक्ताहरूले लघुवित्तले ग्रामीणस्तरमा कर्जा प्रवाह गरी विपन्न तथा उद्यमशील ग्राहकमा ठूलो योगदान गरेको विषयलाई नजरअन्दाज गर्न नमिल्ने र यसले समाजमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पारी ग्रामीण तथा सहरी क्षेत्रका बासिन्दा लाभान्वित भएको बारेमा उल्लेख गरेको संस्थाले जनाएको छ।

कार्यक्रममा एक सय ५७ केन्द्रमध्ये सर्वोत्कृष्ट तीनवटा केन्द्र गोकर्णेश्वर-८ का क्रमशः प्रथम हुने आरुबारी स्वावलम्बन महिला केन्द्र, दोस्रो हुने गणेश स्वावलम्बन महिला केन्द्र र तेस्रो हुने शंखर स्वावलम्बन महिला केन्द्रलाई प्रमाणपत्रसहित नगद पुरस्कारले सम्मान गरिएको जनाएको छ।

महालक्ष्मी विकास बैंकको सेमिनार

काठमाडौं/ महालक्ष्मी विकास बैंकले संस्थाका उच्च व्यवस्थापन तहका पदाधिकारी, विभागीय प्रमुख, प्रदेश प्रमुख, केन्द्रीय कार्यालयका कर्मचारी र शाखा प्रबन्धकहरूको उपस्थितिमा कार्यगोष्ठी-सेमिनार आयेजना गरेको छ। बैंकले 'नेतृत्व-सामूहिक एकताको विकास तथा शारीरिक स्वस्थता' विषयमा चितवनमा दुईदिने सेमिनार आयोजना गरेको हो।

सेमिनारमा हाल अर्थतन्त्रमा देखिएको मन्दी र नकारात्मकताबीच आगामी दिनहरूमा अवलम्बन गर्नुपर्ने कार्यदिशाका सम्बन्धमा छलफल भएको जनाइएको छ। साथै, हालको अवस्थामा बैंकको व्यवसाय विस्तार, ग्राहकको हकहित संरक्षण र उत्कृष्ट सेवा प्रदान गर्न सबै तहका कर्मचारीको सामूहिक प्रयत्न आवश्यक रहने निचोडका साथ सम्पन्न भएको बैंकले जनाएको छ।

यस आर्थिक वर्षको बाँकी रहेको समयलाई अधिकतम उपयोग गरी बैंकको समग्र व्यवसाय विस्तारलाई कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा पनि छलफल भएको उल्लेख छ। सेमिनारमा कर्मचारीको सामूहिक एकता, शारीरिक स्वस्थता, सक्षम नेतृत्व र उच्च मनोबल नै सफलताका महत्त्वपूर्ण आधारशीला हुन् भन्ने सम्बन्धमा व्यावहारिक अभ्यासहरूसमेत गरिएको बैंकले जनाएको छ। बैंकले हाल देशभरमा एक सय तीन शाखामार्फत सेवा दिइरहेको जनाएको छ।

नेरुडे मिमिरि लघुवित्तको सेयर रजिस्ट्रारमा एसबिआई मर्चेन्ट बैंकिङ



काठमाडौं/ नेरुडे मिमिरि लघुवित्त वित्तीय संस्था लिमिटेडले सेयर रजिस्ट्रारसम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडलाई नियुक्त गरेको छ। सेयर रजिस्ट्रार नियुक्तिसम्बन्धी सम्झौतामा लघुवित्तका प्रमुख कार्यकारी अधिकृत भोजराज बस्याल र मर्चेन्ट बैंकिङका प्रबन्ध सञ्चालक एवं प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखेलले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार सेयर दाखिल खारेज, नामसारी, धितोबन्धक, अभौतिकीकरणलगायत सेयर रजिस्ट्रेसनसम्बन्धी सम्पूर्ण कार्य नेपाल एसबिआई मर्चेन्ट बैंकिङले आइतबारदेखि नै सुरु गरिसकेको कम्पनीको भनाइ छ।

नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड र मिमिरि लघुवित्त वित्तीय संस्था लिमिटेड आपसमा गाभिई फागुन ३० गतेदेखि नेरुडे मिमिरि लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट राष्ट्रियस्तरको लघुवित्तका रूपमा एकीकृत कारोबार शुभारम्भ गरेका थिए।

अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव वैशाखमा

काठमाडौं/ नेपाल १७औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला- ०८१ आउँदो वैशाख २६ देखि आयोजना हुने भएको छ। स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघले प्रदर्शनीको १७औं शृंखला वैशाख ३० सम्म भृकुटीमण्डपमा आयोजना गर्न लागेको हो।

कोरोनापछि विश्वभर आएको आर्थिक मन्दीको प्रभावबाट प्रभावित नेपाली उद्योगहरूको वर्तमान अवस्था झल्काउनु र उनीहरूको व्यापार प्रवर्द्धन गर्न सहयोग पुऱ्याउनु प्रदर्शनीको लक्ष्य रहेको आयोजकको भनाइ छ। 'खोजौं नेपाली, रोजौं नेपाली' र 'नेपाली वस्तुको प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं' भन्ने नाराका साथ आयोजना हुन लागेको मेलाले देशभरका ६ लाखभन्दा बढी लघु, घरेलु तथा साना उद्योगहरू र कृषि व्यवसायमा संलग्न उद्यमीहरूलाई प्रतिबिम्बित गर्ने महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले बताए।

प्रदर्शनीले देशभरका लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरूको वर्तमान अवस्थालाई उजागर गर्न नेपालमा सञ्चालित लघु, घरेलु तथा साना उद्योगलगायत सबैखाले उद्योगको उत्पादनलाई समावेश गरी बिटुबी, बिटुसी, बिटुजीजस्ता अन्तर्क्रिया, छलफल, सांस्कृतिक कार्यक्रम र खाद्य महोत्सव पनि समावेश गरिएको आयोजकको भनाइ छ। मेलामा सबै प्रदेश र जिल्लाका उद्यमीहरू, उपयुक्त प्रविधि प्रयोगकर्ताका साथै भारत, पाकिस्तान, बंगलादेशलगायत सार्क मुलुक तथा चीनको सहभागिता रहने महासंघले जनाएको छ। प्रदर्शनीमा दुई सय ५० स्टल रहने र दुई लाखभन्दा बढी अवलोकनकर्ता पुग्ने आयोजकको अपेक्षा छ।

नबिल बैंक लिमिटेड पर्सा बजार शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/१२/०५)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मितिः २०७९/१२/२७ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको**मा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको बाँकी सावाठ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **पर्सा बजार शाखा चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०७६/०४/२८ मा दर्ता नं. २२१३००/०७६/०७७ अन्तर्गत दर्ता भएको **श्री सम्बृद्दि ह्यूयाचरी प्रा. लि.** । ठेगानाः चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ०९, शितलचोक, चितवन ।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कपिलदेव कडेलको छोरी, चुडामणी डल्लाकोटीको बुहारी, सिताराम डल्लाकोटीको श्रीमती, चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने, ना.प्र.नं. ८४१४/०६३ (जारी मितिः २०६३/०२/१०, स्थान चितवन) भएकी **श्रीमती रिता डल्लाकोटी** ।

२. गंगाधर डल्लाकोटीको नाति, चुडामणी डल्लाकोटीको छोरा, चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने ना.प्र.नं. ८२८/०४४ (जारी मितिः २०५७/०७/१५, स्थान चितवन) भएका **श्री सिताराम डल्लाकोटी** ।

३. ईन्द्र प्रसाद बर्तौलाकी छोरी, गंगाधर डल्लाकोटीको बुहारी, चुडामणी डल्लाकोटीको श्रीमती, चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने, ना.प्र.नं. ३५११९० (जारी मितिः २०४५/०२/१७, स्थान चितवन) भएकी **श्रीमती नरमाया डल्लाकोटी** ।

४. शिव शंकर डल्लाकोटीको नाति, गंगाधर डल्लाकोटीको छोरा, चितवन जिल्ला, हाजीपुर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने ना.प्र.नं. १८५२ (जारी मितिः २०३६/०७/२३, स्थान चितवन) भएका **श्री चुडामणी डल्लाकोटी** ।

धितोमा रहेको घर/जग्गाहरुको विवरण

१. **श्री सम्बृद्दि ह्यूयाचरी प्रा. लि.**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, बिरेन्द्रनगर गा.वि.स. वडा नं. ०६ सिट नं. ६ख कित्ता नं. ४३७ को क्षेत्रफल ०-१६-०-० विघाका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

२. **श्री सम्बृद्दि ह्यूयाचरी प्रा. लि.**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, बिरेन्द्रनगर गा.वि.स. वडा नं. ०६ सिट नं. ६ख कित्ता नं. ७४३ र ७४४ को क्षेत्रफल १,२८६.९७ र ५,८२४.२७ वर्ग मिटर का घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

३. चितवन जिल्ला, हाजीपुर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ९ बस्ने **श्री चुडामणी डल्लाकोटी**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, हाजीपुर गा.वि.स. वडा नं. ०७ सिट नं. ७क कित्ता नं ३०२७ को क्षेत्रफल १६९३.१५ वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **पर्सा बजार शाखा चितवन**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/१२/१९ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **पर्सा बजार शाखा चितवन**मा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मितिः २०८०/१२/२० गते ३:०० बजे बैंकको **पर्सा बजार शाखा चितवन**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुनकुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **पर्सा बजार शाखा चितवन**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

धितो लिलाम बिक्रीको ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/०५ गते

यस संस्थाबाट तपशिल बमोजिमको ऋणी सदस्यले ऋण लिँदा गरिएको लिखत तमसुक तथा शर्तनामामा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतका रकमहरु नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा पटकपटक ताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउनको लागि मिति २०८०।३।१५ गते राष्ट्रिय दैनिक **"नयाँ पत्रिका"** मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा ऋणीले आज/भोली मात्र भनी पुनः आलटाल मात्र गरिरहेको तथा समस्या समाधान बारेमा विकल्प के हुन सकिन्छ सो छलफलको लागि कार्यालयमा सम्पर्क गर्नु भनि संस्थाले गरिएको मौखिक तथा लिखित अनुरोधलाई समेत बेवास्ता गरिएकोले ऋणीको घर ठेगानामा हुलाकबाट समेत रजिष्टर्ड पत्र पठाउँदा **पत्र प्रापक व्यक्ति काठमाडौंमा नै रहेकोले पत्र फिर्ता गरिएकोछ** भनि गोरखाको हुलाकबाट लिखित जानकारी प्राप्त भएको हुँदा नीजको नाममा रहेको निम्न उल्लेखित धितोमा रहेको जग्गा डाँक बढाबढ गराई लिलाम बिक्री गरी संस्थाको ऋण लगानी रकम असुली गर्नु बाहेक अन्य विकल्प नभएकोले कर्जा चुक्ता नगरेमा धितो लिलामबिक्री गरिनेछ भनि पुनः ३५ दिनको म्याद दिई मिति २०८०।९।२२ गते राष्ट्रिय दैनिक **"नयाँ पत्रिका"** मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको अन्तिम सार्वजनिक सूचना समेतको कुनै सुनुवाई नगरिएकाले नीजले यस संस्थाको नाममा राखिएको निम्नलिखित दृ.ब.को जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलामबिकी गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। यस संस्थामा रहेको उक्त धितो लिलामबिकीबाट पनि नीजले उपभोग गरिरहेको ऋणको साँवा, ब्याज, हर्जना तथा सूचना प्रकाशितको र अन्य खर्च समेत अशुलउपर नभएमा ऋणी सदस्यको एकाघरको सगोल परिवारको नाममा रहेको चलअचल सम्पतिबाट समेत अशुलिनेछ। यसर्थ उक्त लिलामबिकीमा भाग लिन इच्छुक महानुभावहरुले यस सूचना प्रकाशितको मितिले ३६औं दिनमा संस्थाको कार्यालयमा उपस्थित भै लिलाम बढाबढमा भाग लिनु हुन अनुरोध गर्दछौं।

लिलाम बिक्री हुने मिति : २०८१/१/१० गते सोमवार बिहान १०:३० बजे
(कुनै कारणले सो दिनमा बिदा पर्न गएमा भोलिपल्टको दिनमा हुनेछ।
स्थान : जन श्रमिक सहकारीको सभाहल भवन, चन्द्रागिरि न.पा. वडा नं.३ थानकोट।
डाँक बढाबढको लागि न्युनतम मुल्य : रु.१२००००।- प्रति आना।
मिति २०८१/१/०९ गते सम्म ऋणीसंग अशुल्न बाँकी हुने रकम : रु. ८५,४२,९१३/-
धितो लिलाम बिक्रीको लागि आवस्यक फाराम तथा शर्तनामा संस्थाको कार्यालयबाट उपलब्ध हुनेछ र सो को रु.१०००।- शुल्क लाग्नेछ।

तपसिल :

ऋणीहरुको विवरण	लिलाम बिक्री हुने धितो विवरण
सदस्यता नं : M१७२७ **नाम : गोपाल थापा** बुबाको नाम : एक बहादुर थापा बाजेको नाम : बुद्धिमान थापा ठेगाना : गोरखा जिल्ला, शहिद लखन गा.वि.स.-०१ ना.प्र.नं. ३२३/४२३०७ (जारी मिति २०५१/०६/०९ गोरखा)	मालपोत कार्यालय, कलंकीमा दर्ता भई गोपाल थापाको नाममा कायम रहेको काठमाण्डौ जिल्ला सांबिक बांडभन्ज्याङ गा.वि.स.-०२ मा रहेको **निम्नानुसारको जग्गा :** कित्ता नं. २२४ क्षेत्रफल ०-५-२-२ रोपनी १७८.८३ वर्ग मिटर कित्ता नं. ४९९ क्षेत्रफल ०-२-१-० रोपनी ७१.५३ वर्ग मिटर जम्मा क्षेत्रफल ०-७-३-२ (ऋणी र जग्गाधनी एकै व्यक्ति रहेको)

जन श्रमिक बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि नगरपालिका-०३, थानकोट, काठमाडौं
सम्पर्क नं. ०१-४३९१०८८१, ०१-४३९१५७५३ Email: janashramik@gmail.com

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/०५ गते

यस माछापुच्छे बैंक लि. भिमाद शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
प्रेम बहादुर थापा ना.प्र.नं. १५७१, जि.प्र.का. तनहुँ, जारी मिति : २०४९/१०/०६ बाबु : मित्रे थापा, बाजे : सन्तबिर थापा, ठेगाना : तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ५, मिरचुलङ्ग	
व्यक्तिगत जमानतकर्ताहरु	
१. प्रेम बहादुर थापा ना.प्र.नं. १५७१, जि.प्र.का. तनहुँ जारी मिति : २०४९/१०/०६ बाबु : मित्रे थापा, बाजे : सन्तबिर थापा ठेगाना : तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ५, मिरचुलङ्ग	**२. कुलमाया थापा** ना.प्र.नं. ६२२३९, जि.प्र.का. तनहुँ, जारी मिति : २०५९/११/१८ बाबु : डण्ड बहादुर थापा पति : प्रेम बहादुर थापा, ससुरा : मित्रे थापा ठेगाना : तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ५, मिरचुलङ्ग
३. चाम बहादुर थापा ना.प्र.नं. ४३-०१-७५-०७६४७, जि.प्र.का. तनहुँ, जारी मिति : २०७५/०९/०६ बाबु : प्रेम बहादुर थापा, बाजे : मित्रे थापा, ठेगाना : तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ५, मिरचुलङ्ग	
धितोमा रहेको सम्पतिको विवरण	
सन्तबिर थापाको नाति, मित्रे थापाको छोरा, तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ५ बस्ने प्रेम बहादुर थापाको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता कायम भएको तनहुँ जिल्ला, भगवतिपुर गा.वि.स. वडा नं. ५ ड स्थित कि.नं. ४९ को क्षेत्रफल ६-२-१-३ (रो.आ.प.दा.) को घर/जग्गा आदि सम्पूर्ण लिगलगापत समेत ।	

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, भिमाद

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो पर्सा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१२/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुरानो पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमो

सोमबार ५ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

एन्फाको जवाफ चित्त बुझेन राखेपलाई

मलेसियाविरुद्धको मैत्रीपूर्ण खेलमा नेपाली टोलीसँगै अफिसियलका रूपमा १० पदाधिकारी पठाइएको सम्बन्धमा एन्फाबाट चित्तबुझ्दो जवाफ नआएपछि राखेपले आज पुनः छलफल गर्ने

रमेश सुवेदी/नयाँ पत्रिका

खेलकुद विकास ऐन २०७७ विपरीत पदाधिकारीलाई मलेसिया भ्रमणमा पठाएपछि सोधिएको स्पष्टीकरणमा अखिल नेपाल फुटबल संघ (एन्फा)ले राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई चित्तबुझ्दो जवाफ पठाएन । राखेपले गत बिहीबार एन्फालाई ध्यानाकर्षणसहित २४ घन्टाभित्र स्पष्टीकरण दिन निर्देशन दिएको थियो । एन्फाले शुक्रबार साँझ पत्र बुझाएको थियो । एन्फाले राखेपलाई दिएको जवाफ चित्तबुझ्दो नभएको राखेप संघ-संस्था समन्वय शाखा प्रमुख चन्द्र राईले नयाँ पत्रिकालाई बताएका छन् । एन्फा घटनाबाट पन्छिन खोजेको राईले बताए ।

'एन्फाबाट आएको पत्र नै भएन । हामीले उहाँहरूलाई मैखिक रूपमा सधैँ ऐन हेर्नुस् भन्ने गरेको छौं, तर उहाँहरूले त्यसलाई पालना नगरेको देखियो, एन्फा पन्छिन मात्रै खोज्यो,' राईले भने । राईका अनुसार एन्फाले बहराइन वा मलेसिया पठाएका पदाधिकारहरू मध्ये कसका लागि स्वीकृति पत्र पठाएको भन्ने नै स्पष्ट छैन । 'बहराइन गएकाहरूको स्वीकृति मागेको कि मलेसिया पुगेकाहरूको स्वीकृत मागेको हो, त्यो नै क्लियर भएको छैन,' उनले भने, 'कहिले जाने भनेर खुलाइएको छैन । त्यसैले ध्यानाकर्षणसहित पुनः जवाफ मागिएको छ ।' नेपाललले ८ र १३ चैतमा फिफा विश्वकप २०२६ र एसियन कप २०२७ छनोटअन्तर्गत दोस्रो चरणमा बहराइनसँग खेल्दै छ । एन्फाले २३ खेलाडी र ११ पदाधिकारी मलेसिया हुँदै बहराइनमा टोली पठाएको छ । गत शुक्रबार मलेसियाविरुद्ध खेलिएको मैत्रीपूर्ण खेलमा नेपाल ४-१ ले पराजित भएको थियो । चारपटक ३५-३५ मिनेट खेलाइएको खेल बन्द रंगशालामा आयोजना भएको थियो ।

एन्फाबाट क्लियर जवाफ आएन



चन्द्र राई, संघसंस्था समन्वय प्रमुख, राखेप

एन्फाले पठाएको चिठी नै भएन, मैखिकमा हामीले सधैँ ऐन पढ्नु भन्न गरेका छौं । एन्फा पन्छिन मात्रै खोज्यो । उहाँहरूको आफ्नै ठूलो कुरा भयो । मलेसिया वा बहराइन गइसकेको मागेको हो कि अब जानेको नाम मागेको हो त्यो नै क्लियर भएको छैन । त्यसैले ध्यानाकर्षणसहित पुनः जवाफ मागिएको छ ।

एन्फाले पदाधिकारी स्पष्ट पारेन

खेलकुद ऐनअन्तर्गत स्वीकृत नलिई एन्फाले ३० फागुनमा नेपाली टोलीलाई मलेसिया पठाएको थियो । नेपाली टोलीमा ऐनविपरीत पदाधिकारी पठाएपछि खेलकुद मन्त्रालयले एन्फामाथि कारबाही गर्न राखेपलाई निर्देशन दिएको थियो । अनावश्यक रूपमा पदाधिकारी किन पठाएको भनी एन्फासँग राखेपले प्रश्न सोधेको थियो । 'उनीहरूको प्रचलन यस्तै थियो भनेका छन् । तर, खेलकुद विकास ऐन २०७७ पठाएको भनी जवाफ आएको छ,' राईले भने, 'मलेसियामा १० जना को-को गएका हुन् भनेर सोधेका थियौं । एन्फाले कसैको नाम दिएन, केवल प्रभावशाली मात्रै भनियो ।' राईले बहराइन को-को जाने भनेर पनि नखुलाइएकाले तत्कालीन स्वीकृति दिने अवस्था नरहेको स्पष्ट पारेका छन् । उनले सोमबार एन्फाका पदाधिकारीसँग फेरि छलफल हुने जनाए । '४१ जनाको लिस्ट आएको छ । बहराइनमा केही गइसकेका छन् । अरू पनि गएका छन् कि यही छन् ? केही पत्तो छैन,' उनले भने, 'त्यही मान्छे दोहोरिएको र अर्को स्वीकृत मागेको नै कागजमा खुलाइएको छैन । त्यो मान्छे नै गइसकेको भए, हामीले किन स्वीकृत दिने ? आज पुनः छलफलपछि नै निर्णय होला ।'

बहराइन जाने ४१ जना

एन्फाले राखेपलाई उपलब्ध गराएको बहराइन जाने सूचीमा २३ खेलाडी, ११ पदाधिकारी र सात अफिसियलसहित ४१ जना छन् । बहराइन जाने टोलीमा एन्फा कार्यसमिति सदस्यद्वय टीका लामा र मणिराज विष्ट छन् । डाक्टर राजु डंगोल महर्जनसँगै राजकाजी श्रेष्ठ (श्री भगवती क्लब), शेरबहादुर बस्नेत(झापा जिल्ला फुटबल संघ), रञ्जन कार्की (अध्यक्ष उदयपुर जिल्ला फुटबल संघ), डोलेशकुमार केसी (जिल्ला सदस्य), रामचन्द्र लामा (अध्यक्ष, बारा जिल्ला फुटबल संघ), जिल्ला सदस्यहरू महेशचन्द्र महत र भरत बुढक्षेत्री छन् । मलेसिया हुँदै बहराइन जाने टोलीमा मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनिससँगै प्रवेश कटुवाल (प्रशिक्षक), विनोद डंगोल (गोलकिपर प्रशिक्षक), मनीष तिम्सिना (गोलकिपर प्रशिक्षक), उत्तमराज भण्डारी (टिम व्यवस्थापक), लोकेन्द्र कुँवर (फिजियो), ज्ञानबहादुर राई (किट व्यवस्थापक) छन् ।

पेरिस पारा ओलम्पिकमा पलेसा छनोट



एसियाली छनोट प्रतियोगिताअन्तर्गत के-४४ क्याटेगोरीको महिला ५७ केजीमुनि पलेसाले फाइनलमा इरानकी लेइला मिर्जाईलाई ५-४ ले हराउँदै पेरिस पारा ओलम्पिकमा स्थान सुरक्षित गरिन्

नयाँ पत्रिका

नेपाली पारा तेक्वान्दो खेलाडी पलेसा गोवर्धन यसै वर्ष फ्रान्समा हुने पेरिस पारा ओलम्पिक खेलकुद प्रतियोगिताका लागि आइतबार छनोट भएकी छिन् । चीनको ताइयाङमा भएको एसियाली छनोट प्रतियोगिताअन्तर्गत के-४४ क्याटेगोरीको महिला ५७ केजीमुनि पलेसाले स्वर्ण जित्दै पेरिस पारा ओलम्पिकमा स्थान सुरक्षित गरेकी हुन् । यो उपलब्धिसँगै पलेसा पारा ओलम्पिकका लागि छनोट हुने पहिलो नेपाली खेलाडी बनेकी छिन् । यसअघि तेक्वान्दोकै दुई खेलाडीले छनोट चरण पार गरेर ओलम्पिकमा प्रतिस्पर्धा गरेका थिए । संगीना वैद्यले २००४ को एथेन्स ओलम्पिकमा छनोट चरण पार गर्दै स्थान पक्का पारेकी थिइन् ।

नेपालको खेलकुद इतिहासमा छनोट चरण पारी गरी ओलम्पिक खेल्ने समग्रमा वैद्य पहिलो खेलाडी हुन् । त्यसपछि दीपक विष्टले २००८ को बेइजिङ ओलम्पिकमा छनोट चरण पार गरेर खेलेका थिए । पलेसाले फाइनलमा इरानकी लेइला मिर्जाईलाई ५-४ को झिनो अन्तरले पराजित गरी स्वर्ण जित्दै इतिहास रचेकी हुन् । त्यसअघि सेमिफाइनलमा उनले उज्वेकिस्तानकी करिमा मेलिकुजिएभालाई १८-२ ले हराउँदै अन्तिम दुई स्थान पक्का गरिन् । पलेसाको स्पर्धामा चारजना खेलाडी सहभागी थिए ।

■ टोकियो पारा ओलम्पिकको अनुभव

पारा छनोटको प्रत्येक स्पर्धामा पहिलो हुने खेलाडी पेरिस पारा ओलम्पिकलाई छनोट हुने प्रावधान थियो । पलेसा एसियाली पारा खेलकुदमा पदक जित्ने पहिलो र एक्लो नेपाली खेलाडी पनि हुन् । पलेसाले गत असोजमा चीनको हाङझाउमा भएको चौथो एसियाली पारा खेलकुदमा ऐतिहासिक कांस्य पदक जितेकी थिइन् । टोकियो पारा ओलम्पिक २०२० मा पनि पलेसाले २ 'बाउट' जितेर इतिहास रचेकी थिइन् ।

नेपालमा छनोट प्रतियोगिता खेलेपछि पलेसा चीनको सांघाई गएकी थिइन् । सांघाईबाटै पलेसा एसियाली छनोट खेल्न ताइयान गएकी थिइन् । उनी सांघाईको तोङजी विश्वविद्यालयमा आर्किटेक्चर अध्ययन गरिरहेककी छिन् । एसियाली छनोटमा नेपालबाट दुईजना पुरुष खेलाडीले पनि प्रतिस्पर्धा गरेका थिए । पुरुष ६३ केजीमुनि भरतसिंह महता र ५८ केजीमुनि अमीर ब्लोन पदकविहीन बने । एक 'बाउट' जितेका भरतले इन्डोनेसियाका खेलाडीलाई पराजित गरेका थिए ।

खेल संक्षेप

आयल निगम फाइनलमा

काठमाडौं/ नेपाल आयल निगम र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (एनआइएमबी) तेस्रो इसान फुटसल प्रतियोगितामा आइतबार फाइनलमा प्रवेश गरेका छन् । कर्मचारी खेलकुद प्रतिष्ठान नेपाल (इसान)द्वारा आयोजित प्रतियोगिताको सेमिफाइनलमा आयल निगमले नेपाल बैंक लिमिटेडलाई ४-१ ले पराजित गऱ्यो । आयल नियमका लागि राम विश्वकर्मा र लक्ष्मण विश्वकर्माले समान दुई गोल गरे । नेपाल बैंकका सञ्जीव जोशीले एक गोल फर्काए । अर्को सेमिफाइनलमा एनआइएमबीले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई १-० ले हरायो ।

जितपुरसिमरा उपाधिनजिक

बारा/ पर्सा क्रिकेट संघ जितपुर सिमरा टी-२० क्रिकेट कपको फाइनलमा प्रवेश गरेको छ । औराहस्थित सेज क्रिकेट मैदानमा आइतबार भएको खेलमा कलैया क्रिकेट क्लबलाई पाँच विकेटले हराउँदै जितपुर समूहको विजेताका रूपमा अन्तिम दुईमा पुगेको हो । जितपुरले लगातार दुई खेलमा जित निकालेको हो । यसअघि पहिलो खेलमा जितपुरले आयोजक जितपुर सिमरा स्पोर्टस् क्लबलाई ७७ रनले हराएको थियो ।

रियल १० अंकले अगाडि

म्याड्रिड/ रियल म्याड्रिडले स्पेनिसा ला लिगाको शीर्ष स्थानमा १० अंकको अग्रता लिएको छ । म्याड्रिडले शनिबार राति ओसासुनालाई ४-२ को अन्तरले हराउँदै शीर्ष स्थानमा दरिलो अग्रता लिएको हो । ओसासुनामाथिको सानदार जितसँगै म्याड्रिडले २९ खेलबाट ७२ अंक जोडेको छ । २७ खेल खेलेको जिरोना ६२ अंकका साथ दोस्रो स्थानमा छ । अर्को खेलमा जिरोना १-० ले पराजित भएपछि म्याड्रिडले त्यसको फाइदा लिएको हो । यस जितसँगै म्याड्रिडले ला लिगामा आफ्नो अपराजित यात्रालाई २३ खेलसम्म पुऱ्याएको छ । २५ सेप्टेम्बर २०२३ मा एटलेटिको म्याड्रिडसँग ३-१ ले पराजित भएयता म्याड्रिड अपराजित छ । म्याड्रिडले १७ जित र ६ बराबरीको नतिजा निकालेको छ ।



ओसासुनाको मैदानमा ब्राजिलियन स्ट्राइकर भिनिसियस जुनियरले दुई गोल गरेका थिए । खेलको चौथो मिनेटमै जुनियरले म्याड्रिडलाई १-० को अग्रता दिलाए । म्याड्रिडको अग्रता लामो समयसम्म रहेन । खेलको सातौं मिनेटमा ओसासुनाले १-१ को बराबरी गोल फर्काएको थियो र एन्टे बुडिमिरले ओसासुनालाई बराबरीमा ल्याएका थिए । उनले म्याड्रिडका डिफेन्डरहरूले गरेको गल्तीमा बराबरी गोल फर्काएका थिए ।

खेलको १८औं मिनेटमा ड्यानी कार्भाजलले म्याड्रिडलाई २-१ को स्थितिमा राखे । पहिलो हाफमा म्याड्रिड र ओसासुनाले थप गोल गर्न सकेनन् । खेलको ६१औं मिनेटमा ब्राहिम डियाजले म्याड्रिडलाई ३-१ को स्थितिमा राखे । उनले लगभग मैदानको मध्यभागबाट उत्कृष्ट फिनिसिङ गरेका थिए । खेलको ६४औं मिनेटमा जुनियरले व्यक्तिगत दोस्रो गोल गर्दा म्याड्रिड ४-१ ले अघि रह्यो । खेलको अन्तिम इन्जुरी समयमा ओसासुनाले ४-२ का लागि गोल फर्कायो ।

हेल्प नेपालको सहज जित

काठमाडौं/ हेल्प नेपाल क्लबले आठौं एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपको पुरुषतर्फ आइतबार कोशी प्रदेशलाई ३-० को सहज जित निकालेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा दिनको अन्तिम खेलमा हेल्प नेपालले कोशी २५-१९,२६-२४ र २५-१५ को सहज सेटमा हराएको हो । पुरुषतर्फको अर्को खेलमा मणिमुकुन्द भलिबल क्लबले न्युटन भलिबल क्लबलाई २९-२७,२५-२३ र २५-२३ को जित निकाल्यो । बुढानीलकण्ठ भलिबल क्लबले कर्णाली प्रदेशलाई २५-१०, २५-१८ र २५-१७ ले हराएको छ ।

सुदूरपश्चिम प्रदेशले जावलाखेल भलिबल प्रशिक्षण केन्द्रलाई २५-२१, २५-१३,२५-१७ ले हराउँदै सुखद सुरुवात गरेको छ । यसैगरी, महिलातर्फ दुई विभागीय टोली नेपाल एपिएफ क्लब र नेपाल पुलिस क्लबले जित निकाले का छन् । एपिएफले मधेश प्रदेशलाई २५-८, २५-७ र २५-२ ले हरायो । पुलिसले कर्णाली प्रदेशलाई २५-१२,२५-७ र २५-८ ले पराजित गऱ्यो ।

तानादेवी (तारिणी भवानी) गुठीका थकुल दाजुभाइहरूमा विशेष अनुरोध

यही आउँदो २०८१ आषाढ २ गते आइतबारका दिन हाम्रो आगँद्यः श्री तानादेवी (तारिणी भवानी)को ११९८औं बुसाँदै भव्यताका साथ मनाउने कार्यक्रम रहेको छ। उक्त अवसरमा ६६ वर्ष उमेर नाघेका थकुल परिवारका साधारण सदस्यहरूलाई विशेष सम्मान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा सम्पूर्ण थकुल दाजुभाइहरूलाई आफ्नो परिवारमा भएका ६६ वर्षको उमेर नाघेका परिवारका सदस्यहरूको नामावली र नागरिकतासहित समितिको कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गर्दछौं ।

सम्पर्क फोन
कार्यालय : ५९१४१२३
रामेश्वर लाल श्रेष्ठ, ९८५१०९३५९६
दुगां प्रसाद श्रेष्ठ, ९८४१२२९५४१

भुवन लाल श्रेष्ठ
अध्यक्ष
श्री तानादेवी (तारिणी भवानी) संरक्षण समिति
मखन टोल, काठमाडौं

Samsi Rural Municipality
Office of the Rural Municipal Executive
Samsi, Mahottari

Invitation for Bid (IFB)

Date of publication : 2080/12/05 or 18th March, 2024

1. Samsi Rural Municipality, Samsi invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding.
2. The details of the project are as follows:

S.N	Contract no.	Description of work	Bid Security	Bid Document Fee	Bid/Bid Bond Validity Perion	Last Date Of Bid Submission
1.	SRMUN/NCB/ SCHOOL/ 080/081-03	Upgrading works of Existing School Building	NRs. 75000.00	NRs. 3000.00	90 Days/120 Days From Last date of bid Submission	18th April 2024 Before 12:00 noon
2.	SRMUN/NCB/ SCHOOL/ 080/81-04	Construction of new School Building at Janata Ma. Bi.	NRs. 85000.00	NRs. 3000.00	90 Days/120 Days From Last date of bid Submission	18th April 2024 Before 12:00 noon

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

Vyas Municipality
Office of Municipal Executive,
Gandaki Province
Damauli, Tanahun

Re-Invitation for Electronic Bids

Date of publication: 2080/12/05 (18th March, 2024)

1. The Vyas Municipality invites *electronic* bids from eligible bidders for the procurement of under mentioned Works ***under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.*** Bidders may obtain further information at the Vyas Municipality, Office of Municipal Executive, Gandaki Provience, Damauli, Tanahun, Telephone: 065 560632 facsimile: 065 560233 and email: vyas.planning@gmail.com, vyasmunicipality@gmail.com or may visit PPMO egp system www.bolpatra.gov.np/egp or website of Vyas Municipality www.vyasmum.gov.np
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

Information to deposit the cost of bidding document and bid security in Bank:
Name of the Bank: Nepal Bank Ltd Damauli Branch;
Name of Office: Vyas Municipality Office
Rajaswa (revenue) Account no. : Ga. 1.1.0.1-06003000001001000001
Security deposit (Dharauti) Account Number: Ga.3.0.0.1-06003000003000000001
Office code No.: 801043803
Revenue Title no.: 14249

SN	Tender No.	Description	Estimated Amount (Excluding VAT and Contingencies)	Bid Security Amount	Bid Document Price	Remarks
1.	RE-10/WORKS/ VYASMUN/ 080/081	Maintenance Works of Different Black Topped Roads of Municipality in Wards 1,2,3,4,7,10 and 13 of Vyas Municipality (Maintenance works under Roads Board Nepal Program)	NRs. 1,15,22,750.66	NRs. 3,45,000.00	NRs. 3000.00	Second time Published Electronic Bid

Last date and time of Bid Document Submission: 2081/01/06 (18th April, 2024); upto 12:00 Noon;
Opening of Submitted Bids in presence of representatives: 2081/01/06 (18th April, 2024); at 14:00 After Noon.

Chief Administrative Officer

दोरम्बा शैलुंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर रामेछाप
बागमती प्रदेश

वोलपत्र स्वीकृतिको आशयपत्र जारि गरिएको बारे सूचना

प्रकाशित मिति : २०८०/१२/०५

यस दोरम्बा शैलुंग गाउँपलिकबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार **e-bid** मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावाग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

क्र.स	ठेक्का नं.	विवरण	वोलपत्रदाताको नाम	स्वीकृत रकम	कैफियत
1	DSRM/Works/ NCB/080/81-01	Upgrading Galpa Doramba Kholakharka Road	Shree Nawalaxmi Nirman Sewa	30,34,012.00	
2	DSRM/Works/ NCB/080/81-02	Upgrading of Doramba Bazar Gate Aspatal Dada Road	Shree Nawalaxmi Nirman Sewa	15,44,215.00	
3	DSRM/Works/ NCB/080/81-03	Upgrading of Jor Chautara Agleshwori Sallaghari Road	Sano Shailung Nirman Sewa Pvt. Ltd.	14,72,080.50	
4	DSRM/Works/ NCB/080/81-07	Upgrading of Tar Pudighyang Magardarga Chyarpa Pasewan Road	D.M. Construction and Interprises	21,86,594.70	
5	DSRM/Works/ NCB/080/81-09	Road Construction at Tokarpur Alchedhung Sisneri Alampur Galpa	Sharda Construction	97,99,228.20	
6	DSRM/Works/ NCB/080/81-12	Upgrading of Tokarpur Pasewan to Darga Koilibagar Road	Shailungshwori Construction Company Pvt Ltd	41,42,413.20	

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com